'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

४९

वर्ष १२, अंक ३-४| बुद्ध सम्वत् २५६८ | ने.सं. ११४४ शिल्ला गा | वि.सं. २०८१ माघ ३० गते सि पुन्हि



# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ
प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक
को वार्षिक ग्राहक भई सहयोग गरिदिनुहुन
पाठकहरूमा हार्दिक अनुरोध गर्दछ।

साथै

निरन्तर प्रकाशनको लागि लेख-रचना तथा
व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन


## बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

Email:arhattraimasik@gmail.com

# अर्हत

त्रैमासिक

वर्ष १८ | अंक ३-४ | बुद्ध सम्वत २५६८ | नेसं ११४४
शिल्लाग वि.सं. २०८१ माघ ३० गते सि पुन्हि

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

सम्पादक/प्रकाशक
उद्धव सुजखु

विज्ञापन सङ्कलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर सेटिङ्ग
सुबोध कुमार साह

मुद्रण
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा-७, भक्तपुर
फोन नं. ६६१४७९३
Email: arhattraimasik@gmail.com

सहयोग रु. ५०/-



## यसभित्र


| | | |
|---|---|---|
| आधुनिक युग र बुद्ध शिक्षा | भिक्षु अश्वघोष | ३ |
| भक्तपुरमा बुद्ध धर्म | भुवनलाल प्रधान | ६ |
| झिंनिदैं उख्यथुख्य | चित्तधर हृदय | १० |
| मैडम अलेक्जेण्डर डेविद- नील | रत्नसुन्दर शाक्य | १६ |
| पहिला जानौं त्यस पछि मानौं प्रसंग..... | सुरेश ज्योति शाक्य | १८ |
| जहाँ बुद्ध नै बन्दी छन | | २२ |
| 'बुद्धको मूल उपदेश' पुस्तक पढ्दा | विष्णुगोपाल कुसी | २२ |
| शान्ति भूमिमा उज्यालो पारौ | न्हुछेरत्न बुद्धाचार्य | २९ |
| अथे हे खः संसार ! | चन्द्रबहादुर उलक | ३० |
| वाक्क वल मनूत खना | अनगारिका माधवी | ३२ |

# सम्पादकीय

मानिस काँग्रेस बन या कम्युनिष्ट । आफ्नो इच्छा अनुसारको पार्टीको नेता बन या शासक । जुनसुकै पार्टीका नेता बा शासक बनेता पनि देश र जनताको हितको लागि काम गर्नु पर्दछ भन्ने भावना मनमा हुनु पर्दछ । हिजो आज शासक वर्गको जिब्रोमा जनताको हित गर्ने भन्ने कुरा शव्दमा मात्र झुण्डिएको पाइन्छ । तर यथार्थमा यो शव्द व्यवहारमा लागु भएको देखिदैन । यस विषयमा नेपाली जनताले दिनानुदिन असंतोष व्यक्त गरेको पाउँछौ । साँच्चै यी शव्द व्यवहारमा लागु भएमा देश र जनतामा सुख र शान्ति स्थापना हुने कुरा निर्विवाद छ ।

हाम्रो देशमा आज अशान्ति र दुःख हुनुको कारण पनि दण्डहिनता, भ्रष्टाचार, कमिशन खोर र राजनीतिलाई धन कमाउने साधन सम्झनु हो ।

भगवान बुद्धले दुःखको कारण र दुःखबाट मुक्त हुने उपाय पनि बताएका थिए। बुद्धले दुःखबाट मुक्त हुने उपाय आर्य अष्टाङ्ग मार्ग बताएका थिए

१. सम्यक दृष्टि २. सम्यक संकल्प ३. सम्यक बचन ४. सम्यक कर्मान्त ५. सम्यक आजीव ६. सम्यक प्रयत्न ७. सम्यक स्मृति ८. सम्यक समाधि यी मार्ग पालन गरेमा दुःखबाट मुक्त हुने कुरा बुद्धले बताएका थिए ।

मानव मस्तिष्कमा सकारात्मक र नकारात्मक सोचको विचमा निरन्तर द्वन्द भइरहन्छ भन्ने कुरा बौद्ध शिक्षाले बताउँछ । त्यस द्वन्दमा जसको जीत हुन्छ त्यसको प्रभाव समाजमा पर्दछ । देशमा पर्दछ । शासक वर्गमा सकारात्मक सोच बलियो भएमा जनताले सुख पाउने छ । नकारात्मक सोच बलियो भएमा देश र जनताले दुःख पाउने छ । आज शासक वर्गको मनमा नकारात्मक सोच बलियो भएको हुँदा देशमा दुःख र अशान्ति भएको भन्ने विश्वास बौद्ध दर्शन अध्ययन समाजलाई लागेको छ ।

देशको यस्तो अवस्थाबाट पार लगाउन बुद्ध बचनलाई व्यवहारमा लागु गर्नु पर्दछ । शासक वर्गको सोच परिवर्तन नभएमा मानिसको मन नभड्कियला भन्न सकिदैन ।

***भवतु सब्ब मङ्गल***

# आधुनिक युग र बुद्ध शिक्षा



✍ भिक्षु अश्वघोष

आधुनिक युग भनेको नै वैज्ञानिक युग हो कि जस्तो लाग्छ । विज्ञानको आविष्कारले गर्दा नै बुद्ध शिक्षाको महत्व अझ बढेको देखिन्छ । किनभने, बुद्धको शिक्षामा ईश्वर, आत्मा, अन्धविश्वास र कर्मकाण्डलाई कुनै स्थान दिइएको छैन । अनुभवको आधारमा मात्र विश्वास गर्नुपर्ने कुराहरू बुद्ध शिक्षामा निहित छन् । त्यसैले, बुद्धको शिक्षालाई कुनै ठूलो विद्वानले भनेको र पुस्तकमा उल्लेखित भएको छ भन्दैमा विना सोधपुछ स्वीकार गर्नुपर्छ भन्ने बाध्यता छैन । जसरी सुनारले सुन हो वा होइन भनी असली सुनलाई परीक्षा गर्दा कसीमा घोटेर र पोलेर जाँच्ने काम गर्छ, त्यसरी नै हामीले पनि कसैको शिक्षालाई अंगाल्नुभन्दा पहिले त्यस शिक्षालाई हाम्रो स्वतन्त्र बुद्धिरुपी कसीमा घोटेर ठीक ठानेमा मात्र त्यसलाई स्वीकार गर्नु योग्य हुन्छ भन्ने कुरा बुद्धको सिद्धान्तमा उल्लेख छ । त्यसैले हामीले भन्न सक्छौं- बुद्धको शिक्षा वैज्ञानिक शिक्षा हो ।

हामीले देख्दै र सुन्दै पनि आइरहेका छौं । हाम्रो समाजमा कुनै शिक्षाहरू यस्ता पनि छन्, जसलाई आफ्नो बुद्धिले जानेर होइन, त्यसलाई परम्परागत अनिवार्य धर्मको रुपमा मान्दै आइरहेको देखिन्छ । जुन धर्म ईश्वरको भरोसामा सुम्पिएका छन् । तर, बुद्धको शिक्षा अनुसार धर्म र अधर्म भनेको हाम्रो आ-आफ्नै आचरणमा भर पर्दछ । हरेक मानिस धार्मिक र अधार्मिक कार्यको लागि आफै जिम्मेवार हुन्छन् । कसैको धार्मिक वा अधार्मिक कार्यमा अरु व्यक्ति जिम्मेवार हुन सक्दैन । धार्मिक बन्नको लागि सर्वप्रथम ज्ञानी व्यक्तिको सहयोग, अर्ती र ज्ञान बुद्धिको आवश्यक पर्छ । तर, जबसम्म त्यस ज्ञानलाई आफूले सुनेर, बुझेर आफ्नो भित्री हृदयदेखि महसुस गरी आफ्नो आचरणमा ढाल्न सक्दैन, तबसम्म अरुबाट पाएको ज्ञानले केही भलो हुन सक्दैन । त्यसैले अरूबाट सुनेको ठीक ज्ञानलाई ठीक तरीकाले बुझेर आफू पनि ज्ञानी नै बन्न सकेको खण्डमा मात्र त्यस ज्ञानबाट आफ्नो दु:ख

हटाउन सकिन्छ । त्यसैले हामी भन्न सक्छौं आफ्नो भरोसा आफै हो ।

बुद्धले २५०० वर्ष पहिले नै सम्बोधीज्ञान लाभ गर्नुभएको थियो । जसमा चार महत्त्वपूर्ण सत्यहरू संलग्न छन् । जसलाई चार आर्य सत्य अर्थात् चार उत्तम सत्य भनिन्छ । संक्षिप्तमा त्यस सत्यलाई दु:ख र दु:खबाट मुक्ति भन्न सकिन्छ ।

अब बिचार गरौं-दु:खबाट कसरी मुक्ति पाउने त यसमा गौतम बुद्धले शील, समाधी र प्रज्ञा आदि तीन बुँदालाई अनुशरण गर्न शिक्षा दिनुभएको थियो । यसमा आर्य अष्टाङ्गिक मार्ग समावेश भएको छ । आर्य शब्दको अर्थलाई हामीले राम्ररी बुझ्नु परेको छ । किनभने, यो शब्द कुनै जाती र साम्प्रदायिक शब्द होइन । आर्य अष्टाङ्गिक मार्ग भनेको नै आठ उत्तम मार्ग हो । जहाँसुकै जानको लागि पनि बाटोको आवश्यकता भएजस्तै दु:खबाट मुक्त हुनको लागि पनि बाटो नै चाहिन्छ । त्यसका लागि चाहिने बाटाहरू हुन् ।

सम्यक दृष्टि र सम्यक संकल्प । यी दुई बाटालाई संक्षिप्तमा प्रज्ञा भनिन्छ । दोस्रोमा सम्यक बचन, सम्यक कर्मान्त र सम्यक आजीव आउँछन् । यी तीन बाटाहरूलाई संक्षिप्तमा शील भनिन्छ । शील पालन गर्नु भनेको नै आफ्नो आचरण शुद्ध गर्ने कार्यहरू अन्तरगत पर्दछ ।

तेस्रोमा सम्यक प्रयत्न सम्यक स्मृति र सम्यक समाधि पर्दछन् । यी तीन बाटाहरू समाधि अर्थात् चित्त एकाग्र गर्ने कार्य अन्तर्गत पर्न आउँछन् ।

दु:खबाट मुक्त हुनको लागि प्रज्ञा अर्थात् विवेक बुद्धि हुन जरुरी छ । अनि मात्र सम्यक दृष्टि र सम्यक संकल्प (ठीक समझदारी र सही सोचाई) को उपस्थिति हुनेछ । सम्यक दृष्टि नभएसम्म दु:खबाट मुक्ति पाउन असम्भव नभएपनि गाह्रो चाहिं अवश्य पर्नेछ । किनभने, आफूलाई दु:ख परेको बेला यदि आफूमा ठीक समझदारी हुन सकेमा मात्र त्यस घडीमा आफूलाई परेको दु:खको ठीक कारण पत्ता लगाउन सकिन्छ । किनभने, बिनाकारण केही पनि हुन सक्दैन । त्यसरी नै आफूमा सम्यक संकल्प अर्थात् ठीक सोचाई हुनासाथ दु:खकै कारणलाई झिकेर फाल्ने कोशिस गरिन्छ । तर, दु:खको कारण पत्ता नलागेसम्म दु:खबाट मुक्ति मिल्न सक्दैन । जोशको वसमा परी होश गुमाउनु हुदैन । यसको लागि सर्वप्रथम अहंकारलाई त्याग्न सक्नु पर्दछ । आजभोलि संसारमा जति पनि अशान्ति मच्चिरहेको छ, त्यसको प्रमुख कारण मानिसहरूमा ठीक समझदारी र ठीक सोचाइ हुन नसक्नाले नै हो। त्यतिमात्र होइन, तृष्णाको बसमा परी जति भए पनि नपुग्ने आशक्तिपनाले गर्दा पनि दु:खले सताइरहेको देखिन्छ ।

गौतम बुद्धले भन्नुभएको थियो दु:खको कारण अज्ञानता, तृष्णा र आशक्ति हुन् । यसको साथै अपराधको कारण पनि अतृप्ति र गरीबी हो ।

बुद्ध धर्म सिंगै आध्यात्मिक र सिंगै भौतिकवाद होइन । किनभने, आध्यात्मिक उन्नति र शान्तिको लागि भौतिक साधन र राम्रो वातावरणको पनि सहयोग आवश्यक हुन्छ । उदाहरणको लागि सिद्धार्थले आफ्नो शरीरलाई कष्ट दिएर तपस्या गरेको बेला शरीर कमजोर भई आध्यात्मिक उन्नति हुन सकेन । अन्तमा तपस्या कार्य नै छोडी खाना खान शुरु गर्नु भएपछि मात्र बुद्धले शुद्ध ज्ञान लाभ गर्न सक्नुभयो ।

दुःखबाट मुक्त हुनको लागि सर्वप्रथम आचरण र चित्त शुद्ध हुनुपर्यो । संकीर्ण मनले सारा गतिविधि नै अशान्तिमा परिणत हुनेछ । त्यसैले बुद्धले धम्मपदमा भन्नुभएको छ-

**"मनसाचे पदुट्ठेन भासति वा करोति वा ततोनं दुक्खमन्वेति चक्कं व वहतो पदं ।"**

"अर्थात् दूषित मनले काम र कुरा गरेमा त्यसको पछि गोरुको पछि गह्रौंचक्का लागेर आएजस्तै दुःख पछि लागेर आउनेछ । त्यसको ठीक उल्टो-

**"मनसाचे पसन्नेन भासति वा करोति वा ततो नं सुखमन्वेति छायाव अनपायिनि ।"**

अर्थात् प्रशन्न र राम्रो मनले गरेका काम कुराको फलस्वरूप अति हुलुंगो छायाँ पछि लागेर आएजस्तै सुख पनि पछि-पछि लागेर आउनेछ । यसरी यहाँ सम्यक दृष्टि र सम्यक संकलपको उपस्थिति भएको देखिन्छ ।

तर, आजभोलि मानिसहरू एकले अर्काको दोष र कमजोरी मात्र खोज्दै हिंड्छन् । यो आजको युगमा एक सरुवा रोगको रुपमा देखापरेको छ । बुद्धले भन्नुहुन्थ्यो-

**"न परेसं विलोमानि न परेसं कता कतं अत्तनोव अवेक्खेय्यो कतानि अकतानि च ।"**

अर्थात्, अर्काले के गर्यो, के गरेन भनी खोज्दै हिंड्नुको बदला आफूबाट के कस्ता कर्तव्यहरू पालन भयो वा भएन भन्नेबारे चिन्तना गर्नु जाती हुनेछ । त्यसैले आफूले आफैलाई सही दिशामा लान आफ्नो आत्मालोचना गर्न सक्नुपर्छ । अर्थात् आफ्नो गल्तीलाई महसुस गर्न सक्नु पर्दछ । कसैलाई सुधार्नको लागि उसको दोष खोज्दै दोष देखाउँदै आलोचना गर्नेतिर लाग्नुभन्दा उसलाई मैत्रीपूर्वक सही सुझाव दिनु राम्रो हुनेछ ।

आजभोलिको संसारमा अशान्तिको मूल कारण भइरहेको अहंकारलाई हटाउन बुद्धको शिक्षा, आर्य अष्टाङ्गिक मार्ग, सम्यक दृष्टि र सम्यक संकल्प, ठीक समझदारी र ठीक सोचाई आदि हुनु नितान्त आवश्यक देखिन्छ । यसको लागि सर्वप्रथम मानिसहरूमा नियत ठीक हुनुपर्यो । नियत ठीक भएन भने, सबै काम बिग्रिन्छ । नियत ठीक भएमा मात्र सबै दुःख आफै हराएर जानेछ । अनि मात्र शान्तिले स्थान ओगट्नेछ । यसलाई नै आधुनिक युगलाई बुद्धको सन्देश मान्न सकिन्छ ।

*(साभार: धर्म कीर्ति वर्ष २० अङ्क १० बाट*

# भक्तपुरमा बुद्ध धर्म

✍ भुवनलाल प्रधान

काठमाण्डौं उपत्यकामा बुद्ध धर्मको प्रवेश भगवान् बुद्धको जीवन काल (ई.पू. ५६३-४८३) मा भएको थियो भन्ने तथ्य जिनमित्रले सातौं शताब्दीमा लेखेको 'मूलसर्वास्तिवाद विनयसग्रह' बाट सिद्ध हुन्छ। त्यस ग्रन्थ अनुसार ई.पू. ४९१-४८६ सालताका कोसलराज विडुडभले कपिलवस्तु र कोलिय राज्य ध्वस्त गरेपछि त्यहाँका शाक्यहरू यताउति लागे। केही शाक्य र कोलियहरू बसाइँ सर्ने क्रममा काठमाण्डौं उपत्यकासम्म आइपुगे। यिनीहरूलाई भेट्न एकजना भिक्षु पनि यहाँ आउने बेपारीहरूको टोलीका साथ आएको र फर्केको चर्चा पनि भेटिन्छ। त्यसबेला यहाँ बसेका भिक्षुहरूले यहाँको ठण्डा हावापानीको कारण जुत्ता लाउने गरिसकेको पनि थाहा हुन्छ।

श्रीलङ्काको महावंश अनुसार सम्राट् अशोक (ई पू. २६९,२६५ -२२८) को राज्यकालको अन्त्यतिर हिमालय भेकमा धर्म प्रचार गर्न मज्झिम स्थविरको नेतृत्व अन्तर्गत पठाइएको शिष्ट मण्डलको एकजना सदस्य कस्सप (काश्यप) स्थविरले हिमालयतिरका निवासीहरूलाई बुद्ध धर्ममा दीक्षित गरेका थिए। यी नवदीक्षित बौद्धहरू उपत्यका र यसका सेरोफेरोमा त्यसबेला बसोबास गर्ने आदिवासी किरात र नेपा (वा) रहरू हुनुपर्ने प्रष्टै देखिन्छ। पछि अरु शाक्य, कोलिय, बज्जि (वृजिक) हरू पनि बसाइँ सर्न यहाँ आएका थिए। बाबुराम आचार्य अनुसार यो क्रम ई.पू. १८५ सालताकासम्म जारी रह्यो।

यस ऐतिहासिक तथ्यलाई राजा ध्रुवदेव गलीन काठमाण्डौं, मीन नारायणको अभिलेखमा उल्लिखित 'दक्षिणकोलिग्राम' देवपाटनको सं.७१ सालको सिलालेखमा परेको 'वृजिकरथ्या' (वज्जिकरथ्या) शब्दहरूबाट एवं लिच्छविहरूले यहाँ आठ-नौ शय वर्ष राज्य गरेको ऐतिहासिक स्थितिबाट बलियो पुष्टि मिलेको छ। अशोककालीन वा त्यसपछिको घटनाको लागि हाल पाटन शहरका चार कुनामा अवस्थित अशोक स्तूप कहलिएका चार थूर नै सबुदको रुपमा खडा छ।

यसरी काठमाण्डौं र ललितपुरले बुद्धकाल र अशोक-कालमै बुद्ध धर्मलाई अपनाई सकेको प्रमाण प्रस्तुत गर्न सकिएझै भक्तपुरले आफ्नो इलाकामा प्राचीन बौद्ध चिन्हहरू

कुनै पेश गर्न सक्ने स्थिति देखिँदैन । यतिमात्र होइन, लिच्छवि कालीन चैत्य, बाहाल-बहिलसम्मको नाम-निशान आजको भक्तपुरमा देखिदैन । यहाँ आज विद्यमान जति बाहाल-बहिल, चैत्य, कलाकृति छन् ती अधिकांश मल्लकालीन हुन । मात्र केही वर्ष यता यिनीहरू सबैका नाम र संक्षिप्त भएपनि केही परिचयसहित चलचित्र तयार पारिएको छ जुन वर्तमान युगका भक्तपुरका बौद्धहरूको सराहनीय कदम हो ।

यसबाहेक आज भक्तपुरमा उपत्यकाका अरु दुइटा शहरको दाँजोमा चैत्य, बाहाल, बहिल, कलाकृति आदि साह्रै कम सङ्ख्यामा मात्र उपलब्ध छन्, यिनीहरूको स्थिति पनि गतिलो छैन, सङ्घहरूको व्यवस्था पनि सुदृढ र व्यापक देखिन्न । यहाँका पसु बाहालका बज्राचार्यहरू एवं अखड् बाहाल र तोम बाहालका शाक्यहरूले मात्र आफूहरूलाई मूलत: भक्तपुरकै मान्दछन् । यिनीहरू बाहेक पशु बाहालकै शाक्यहरू, अरु अधिकांश बाहाल-बहिलका शाक्यहरूले र बज्राचार्यहरूले आफ्नो मूल पाटनका क्वा:बाहाल वा काठमाण्डौंका असन त:छें बाहाल मान्दछन् । हुन पनि यहाँ का राजा राय मल्ल ने.सं. ६०२-६३० ) ले भक्तपुरमा पनि कुमारीको मूर्ति स्थापना गर्ने विचारले ने.सं. ६११ सालमा काठमाण्डौं त:छेँ बाहालका बज्राचार्य जीवचन्द्रलाई बोलाएको, उनले आफ्नो त:छें बाहाल आगनमा स्थापित वज्रदेवीको मूर्ति गोप्य तवरले भक्तपुर लिएर गएको एवं त्यसै कारणले उनलाई त:छें बाहाल सङ्घबाट निष्कासन गरेपछि भक्तपुरमै बसोबास गर्नु परेको घटना त्यतिको पुरानु होइन । (बद्रीरत्न बज्राचार्य ) ।

भक्तपुरमा आज भक्तपुर मूलकै भन्ने बौद्धहरू माथि उल्लेख गरिए अनुसार पसु बाहालका बज्राचार्यहरू, तोम बाहाल र अखड् बाहालका शाक्यहरू मात्र हुन भनिन्छ तापनि हाल विद्यमान बाहालहरूमा सबभन्दा पुरानु चाहिँ आजुद्योया बाहाल हो भनेर पनि मानिन्छ । सम्यकरत्न बज्राचार्य अनुसार यहाँ पाइएको सबभन्दा पुरानु अभिलेख ने.सं. ९८ सालको तामा-पत्र थियो यसबाट भक्तपुरको यो बाहाल कमसेकम १०१८ वर्ष अगाडिको लिच्छविकालीन हुनु पर्ने देखिन्छ ।

यसरी भक्तपुरको कमसेकम एउटा आजुद्योया बाहाल लिच्छविकालीन देखिन आउँछ । तर त्यतिमै कुरा टुङ्गिदैन । ऐतिहासिक तवरले विचार गर्दै लगेमा विचारणीय तथ्यहरू अनेकौं देखा पर्छन् । यस सन्दर्भमा सर्वप्रथम उल्लेखनीय बुँदा के हुन्छ भने भक्तपुरमा पाइएका कतिपय लिच्छविकालीन अभिलेखहरूमध्ये गोलमाढी टोलमा पाइएको सं. ५१६ सालको शिलालेखमा परेको 'माखोपृड्', तुलाछेँमा पाइएको सं. ५१६ सालकै शिलालेखमा परेको 'खुपुङ् ग्रामे' एवं काठमाण्डौं देउपाटन स्थित शिवलिङ्गको सं. ३९९ सालको शिलालेखमा परेको 'खोपुङ्' शब्दहरू देखा पर्छन । यिनीहरू संस्कृत शब्द नभएकाले अवश्य

पनि पूर्व-लिच्छविकालीन किरात शब्द हुन् । यसबाट यहाँ पूर्व-लिच्छवि कालमै घना आबादी विकसित भैसकेको तथ्य विकसित हुन्छ । यिनीहरू बुद्धकालमै बुद्ध धर्ममा दीक्षित भएका थिएनन् तापनि पछि दीक्षित भएको सम्भावना देखिन्छ । बाबुराम आचार्य अनुसार अशोककालीन वा उत्तर-अशोककालीन शिष्टमण्डलले यहाँका किरात र नेपा (वा) रहरूलाई बुद्ध धर्ममा दीक्षित गरेका थिए । भक्तपुरका किरात र नेपा ( वा) रहरू बुद्धकालमै बुद्ध-धर्ममा दीक्षित नभएका भए पनि अशोकीय शिष्ट मण्डल कालमा वा त्यसपछि पनि अरु किरात र नेपारहरू बुद्ध धर्ममा दीक्षित भएको बेला भक्तपुरका किरातहरू र नेपारहरू दीक्षित भए हुनन् । पनि यसरी भक्तपुरे किरात र नेपारहरू लिच्छवि काल अगाडि नै बौद्ध बनिसकेको प्रबल सम्भावना छ ।

फेरि भक्तपुर नाम भक्तपुर, भक्तग्राम-देखि नै भात अर्थात् धान खेती, कृषि, किसानगिरीसित सम्बन्धित छ । अर्को शब्दमा भन्ने हो भने भक्तपुर मूलत: किसानहरूको बस्ती सिद्ध हुन्छ । उपत्यकामा धानको प्रवेश शरणार्थीको रुपमा यहाँ आइपुगेका शाक्य, कोलियहरूले गराएको सम्भावना धेरैछ । त्यसैले यिनीहरूको आगमनको साथै वा लगत्तैछि यहाँ धानको खेती प्रारम्भ भयो होला ।

भक्तपुरको केही दक्षिणपूर्वतिर अवस्थित 'बाचामरी पोत' भनिने थुम्को धानको थुप्रो थियो भन्ने किंवदन्ती वा. कथा खुवै प्रचलित छ । त्यसबाट यहाँ धान उत्पादनमा अध्यधिक प्राचुर्यतिर स्रोत पुग्दछ र केही हदसम्म पुष्टि हुन्छ पनि । जे होस्, भक्तपुरको अधिकांस जनता आज पनि किसाननै छन् । किसान भन्नु भक्तपुरको सन्दर्भमा क्रियात्मक रुपले ज्यापू हुन् । ज्यापूहरू उपत्यकाका आदिवासी जातिहरूमध्ये एक हुन् यिनीहरूमा आदिवासी कतिपय लक्षणहरू अहिलेसम्म विद्यमान छन् । यसवारे विस्तृत विवरण मेरै 'आजको समाचार पत्र', वर्ष १, अङ्क २४, सं. २०२० माघ २० गतेको अङ्कमा प्रकाशित 'ज्यापू, काठमाडौं उपत्यकाका आदिवासी' शीर्षक लेखमा दिइएको छ ।) ज्यापूहरूका कतिपय परिपाटी आज पनि किरातहरूसित मिल्दाजुल्दा छन् । यी ज्यापूहरूको सम्वन्धमा यहाँ विचारणीय कुरो के हुन्छ भने यिनीहरू बौद्ध हुन् । त्यसैले भक्तपुरे किसानहरूले प्राचीन कालदेखि बौद्धधर्म मानिआएको सिद्ध हुन्छ । सम्भवत: यिनीहरूले शाक्यहरूको आगमनपछि वा अशोकीय शिष्टमण्डलपछि बौद्ध धर्म ग्रहण गरेका थिए ।

नेपाली कलाकृतिका एकजना पारखी मेरी स्लुसरले भक्तपुरमा हाल विद्यमान दुइटा कलाकृति -(i) एउटा तुलाछे टोलको बुद्ध मुचलिन्द मूर्ति र (ii) व्यासी टोलको बुद्ध मूर्ति छैठौं शताब्दीका हुन् भनेकी छिन् । यहाँ पूर्व लिच्छविकालीन र लिच्छविकालीन अरु कलाकृति, चैत्य, बहाल- बहिल पर्याप्त थिए हुनन्, तिनका अवशेषहरू पनि गुद छन् होला, जुन अझ प्रकाशमा आउन सकेका छैनन् ।

यस्ता प्राचीन कलाकृतिका अवशेषहरू वा तिनका वंशावशेषसम्म पनि आज नदेखिनाका कारणहरू धेरै छन्। तीमध्ये एउटा प्रमुख कारण अधिकतया सं.१८९० सालको ठूलो भूकम्प र केही हदसम्म सं. १९९० सालको ठूलो भूकम्प हुन्। ती भूकम्पहरूले भक्तपुरलाई नष्ट भ्रष्टै पारेका थिए।

वि.सं. १८९० सालको भूकम्पले भक्तपुरमा गरेको क्षतिबारे डा. क्याम्बेलले यसो लेखेकाछन् :- "काठमाडौं देखि पूर्वतिर अवस्थित ठाउँहरूले अत्यधिक क्षति भोग्नुपरेको छ। एउटा ठूलो शहर भातगाउँ प्राय: पूर्णत: ध्वस्त भयो। एक हजारभन्दा बढी घर धराशायी भए। ठूलाठूला क्षतिबाट बचेका घरहरू छँदै छैनन्। यस शहरमा मात्र तीन शय व्यक्ति मरे।"

वि.सं.१९९० सालको भूकम्पमा भक्तपुरमा २,३५९ घर भुईंसम्म भत्केका, २२६३ घर नराम्रोसँग क्षतिग्रस्त भएका र १,४२५ घर आँशिक रूपले भत्के-बिग्रेका थिए। मर्ने मान्छेहरूको सङ्ख्या १,१६३ पुगेको थियो। यहाँनिर के विचार गर्नु आवश्यक हुन्छ भने वि.सं. १८९० सालमा ३०० जना मर्नु एक हजारभन्दा बढी घर भत्कनु सङ्ख्यामा वि.सं. १९९० सालको भन्दा कम भए पनि एक शय वर्ष अगाडिको जनसङ्ख्या र अवस्थाको दृष्टिकोणले बढी गम्भीर मान्नु पर्दछ (ब्रह्मशमशेर महाभूकम्प, १९९०)। यसै कारण सम्भव छ कि पूर्व लिच्छविकालीन वा लिच्छविकालीन बौद्ध कृतिहरू वि.सं. १८९० सालको भूकम्पमा विनष्ट भए, जसको जीर्णोद्धार हुन त परै रहोस्, ध्वंशावशेष सम्मको पनि तह लाउन सकेन। त्यस भयङ्कर प्राकृतिक प्रकोपबाट ज्यूँ- त्यूँ पुन:निर्मित भक्तपुर शहरलाई वि.सं. १९९० सालको भूकम्पले अर्को थप दनक दियो जसको फलस्वरुप प्राचीन बौद्ध कृतिहरूका नाम-निशान बाँकी रहेन। येनकेन प्रकारेण भक्तपुरको फेरी जीर्णोद्धार भए पनि अधिकांश रूपमा वैयक्तिक घर सम्पत्तिको मात्र भयो सार्वजनिक, सामूहिक, धार्मिक स्थल र कृतिहरू धेरैजसो उपेक्षितको उपेक्षित नै रहे। जीर्णोद्धार हुन सक्ने अवस्था थिएन, वा केही भएका पनि हिनामिना भए, वा वैयक्तिक सम्पत्तिमा पनि परिणत भए, इत्यादि, इत्यादि। उदाहरणको रुपमा, एउटा आदि बाहाल भनिने अखङ बाहालको पुनर्निर्माण धेरै वर्षपछि भैहाले पनि केवल काम चलाउको रूपमा मात्र- बाहालको रुपनै नआउने गरी। पुराना अन्त्यमा यता केही वर्षदेखि भक्तपुरका बौद्धहरूमा नवजागरण दिनानुदिन बढदै छ। बौद्ध धर्मका विभिन्न पक्षमा सक्रियताको वृद्धि हुँदैछ -यही नयाँ उत्साहले वर्तमान बौद्ध युवकहरूलाई आफनो प्राचीन गौरव खोतल्न, संरक्षण गर्न र सामयिक उन्नयन गर्न लगाउनेछ भन्ने विश्वास लिन सकिने लक्षण देखा पर्दैछ।

*सन्दर्भ*

*रजत जयन्ती स्मारिका-२०५३*

*बौद्ध सङ्घ भक्तपुर*

# भिंनिदँ उख्यथुख्य



✍ चित्तधर हृदय

सुगतया प्यंगूगु वर्षावास तक मगधे जुल,
लिच्छवीपि जूगुलिं दुर्भिक्ष-पीडां ब्याकुल
बुद्ध वैशाली बिज्याक्यन यात अमिसं प्राथना,
अन बिज्याना: दुख फुका: बिल 'रत्नसूत्र' कथा कना ।
उगु दँ बर्षावास जुल अनयागु कूटागारस,
थ्यन अकस्मात् 'कपिलवस्तुस जुजु उसाय्‌मदु' धा:गुस:
'पुत्रया ख्वा: स्वेगु इच्छा यात सीत्येका: छको'
धैगु नं स: थ्यंगुलिं न्यास:म्ह मुंका श्रावक
कपिलवस्तु बिज्यात भगवान् यायुत अबुया दर्शन,
शान्तिया अवतार काय्‌या ख्वा: स्वया: दुख छुं तन ।
नगरया न्यग्रोध आरामे बिज्याना: छुं दिन
ज्या: जुया: अति जीर्ण शीर्णम्ह बौ बिचा: याना: च्वन ।
किन्तु जिनवर अन थ्यना: खुन्हु दुखुनु हे शाक्येश्वर

स्वर्ग वँन ग्वीन्हयँदै वयसे देह तोता: भंगुर ।
चैत षडभिज्ञं थमं हे यात मि तया: फुक क्रिया ।
शोक तापं धैर्य छ्वव:पिं शाक्य-परिजनपिं स्वया:

धमया उपदेश-सलिलं न्हाय्‌पने छ्वाकल छको-
"नाशवान् उत्पन्न वस्तुत, जन्म जूपिं सी फुक ।"
शान्त जुल द्वाहाँ वना: अमि छ्वव:गु मनया वेदना,
शाक्यरानीयात शीघ्र अनित्यया जुल भावना ।
छन्हु व रानी गौतमीं न्यग्रोध आरामे वना:
थ: थमं तँय्‌का फ्यना: थानागु दोंगा छपु ज्वना:
स्नेह पूर्वक यात अर्पण सुगतयात ख्वया: ख्वया:-
'जिगु थ्व छपु दोंगा ग्रहण याना: बिज्याहुँ दया तया:"
धर्मराजं जुल थ्व आज्ञा "संघयात प्रदान या"
पुत्र-स्नेहं गौतमीं वसपोल केवल च्वन स्वया: ।
शाक्यमुनिया चांजुया दयनीय थ्व अवस्था खना:
वैत क्वबुया: बिल उथाय् आनन्दया करुणा वना:-
"गौतमी छलपोलयात लहयूम्ह मां तुतुमां थुका,
शील पालन या:गु त्रिशरण व:गु नं भगवान् धका,
गा उकी ज्वीमाल स्वीकृत, मां लुमंका: दशबल !"
बुद्धदेवं मुसुकया: आनन्दयात लिस: बिल-
"जिंस्यू स्नेह जिके गुलि मांया, शील का:गुया कारण नं
हानं फुक्लपिन्त ब:क्या: त्रिशरण वै व्यक्ति धैगु नं ।
पुण्यात्मा शील दुपिं जूसा दाता, प्रतिग्राहक नि:म्हं
दान दक्षिणा नं परिशुद्ध ज्वी निश्चय अमिगु प्रभावं ।

धर्माचरणे च्वंपिं न्हित्थं, धर्मे श्रद्धा, भक्ति दुपिं,
निर्वाणेतक नं थ्यंकेंगु त:प्यंगु पथे जक ज्वीपिं,
पुण्य पीगु लोकया बुँ जोपिं, प्यंगू मार्गफले थ्यंपिं,
स:ता ल्हा: जोजलपा: नाना दानं पाहाँ याय् लोपि,
आनन्द ! थज्यापिं गुणवान्पिं श्रावकपिन्त सुनां दान
बी श्रद्धा, भक्ति तया: हृदयं वं तल सीकि जित: मान,
कारण संघे दुन्य हे ला:जि संघपूजने लाइ जि नं
संघयात हु तयूगा ब्यूसा जित: ब्यूगुथें ज्वी मामं।" (३० मात्रा
"म्हसिल जिं थौं संघयात उकीं थ्व तैयूगा छाय् धुन,
बुद्ध छ:पिं, धर्म छ:पिं संघनं छ:पिं खन !"
थुलि धया: उम्ह शाक्यरानी संघयात व गा बिल,
पुत्रस्नेह भिक्षणी ज्वी धैगु नं चित्ते तल ।
धाल-"भगवन् ! भ्रीगु धर्म भिक्षुणीया मिस्त नं
म्हाल संसारे दुना: च्वन्य यंकि नापं जिमित नं"
वैत बुद्धं बिल लिस: थुलि "मिस्तस्यं तोता: छ्यंबु
शील पालन यायगु थाक्वी भिक्षुणी जिं छ्वी मखु"
शाक्यरानी नाप नापं शाक्य कुलया मिस्त नं
वँन निराश जुया: ख्वख्वं अनि याना: अनं ।
बुद्ध भगवान् नं अनं वन ब्वना: श्रावक गण,:
चा:हुहुं गांगां अपिं फुक नगर वैशाली थ्यन ।
अन्न महावनयागु कूटागार शालाय् छन्हु न्हिने
मुनि ससंघ विहार याना: च्वंबले द्वारं पिने
च्वन दना: काषायवस्त्र तिया: सँ खाना, गौतमी
शाक्य ललनापिन्त मुंका: शाक्यमुनि प्रतिपालिनी ।
पालि मंका: ख्वाल ख्यूँका: न्यंक म्हे गयूका: धुलं
अन सभाय् दुन्य वन्य मछाला: पिन्य च्वँ च्वं अति व्याकुल
जुगुलिं सुकुसुकु ख्वया: क्य् क्य् कुना: च्वंपिं अपिं
न्ह्योन्यसं खन श्रमण आनन्दं, न्यनं न्यन- "छायूछिपिं
दुख कष्ट सिया: वया थन लँछुयाफ़ू च्वना: च्वंना ?"
गौतमी ख्वल-"हाय भगवानं मन्यं जिमि प्रार्थना"
बँन व आयुष्मान् अनं दुन्य "बिन्ति याना: बी" धया: ।
धाल भगवानयात वं-"मां गौतमी हानं वया:
पिन्य पिया: च्वन धर्म-विनये च्वन्य धका अति दुखसिया:
बिन्ति भन्ते ! या अनुग्रह अमित 'प्रव्रज्या' बिया:"
"बी मज्यू आनन्द ! नारीपिन्त 'प्रव्रज्या' व्रत"
थुलि खँ सुगतं ज्वीव आज्ञा वं खँ मेगुकथं छुत-
"दक्व प्राणी उत्ति छिं, जीव मखुला गौतमी ?
मार्गफल निंतिं ओ जक ज्वी मफैला संयमी ?"
लोकशास्तां जुल थ्व आज्ञा "ख: अपि प्राणी हनं
मार्गफल नं लायूफु । अमिसं शीलि व्रतया पालनं,
साप छं अनुरोध या:गु व अमिगु श्रद्धा नं खन,
बीगु जुल जिं यायूफुसा 'गुरु धर्म च्यागू' धारण"
पिन्य वया: थुगु नियम व्याक्कं न्यंक्यवं उम्ह गौतमी
धाल-"च्यागू नियम जक मखु सच्छिगू सां कायूफु जिं"
शाक्यरानीं थुलि प्रतिज्ञा यायूव बिल व्रत पावन ।
भिक्षुणीपिनि संघ स्वन, कन-"धर्म विनय व शासन-
ख: विराग, वियोग, उद्यम, त्याग इच्छाशून्यता,
सुभरता, एकान्त, सन्तोषादि निंतिं ज्वीगु ज्या"
थुगु प्रकारं भिक्षुणीया संघ याना: स्थापना
न्यंक धर्म-प्रचार यायां सुगत एकान्ते वना:
उगु दँ बर्षावास यायूत बिज्यात मंकुल पर्वत,
"योग्य बर्षावास च्वँ" धका ब्याक्क तोता: शिष्यत ।
मेगुदँ दिल्लापुन्हीखुनु नगर श्रावस्ती वना:
अन्य तैर्थिकपिन्त नाना प्रातिहार्य क्यना: क्यना:
लोकपिं आश्चर्य चायूका: गुप्तवासं च्वं वन ।
हाल सकलें "लोकज्येष्ठं बी मखुत ला दर्शन ?"
सारिपुत्र व मौद्गलायन निम्हसिनं श्री दसबल
उगु दँया बर्षा फुका: संकाश्य नगरे ल्वीकल ।
अमिगु नापं जेतवनस बिज्यात भगवान् श्रीघन
मेगु बर्षा शिष्य मुंका: शिंशुमार गिरी बँन

अन अनेक सँभ्र्या: छूना: छम्ह स:म्ह क:मिं दय्कुगु
न्हूगु अति बांला:गु भवने तल यना: अनया जुजुं।
अन च्वंतल्य उम्ह भूपतिं हे अमित लहिना: नं तल,
ला स्वला अन वास याना: जेतवन ल्याहाँ वल।
धर्मया व्याख्यान यायां सुगत अन छु दिन च्वना:
नृपति उद्यनया मनोहर नगर कौशाम्बी वना:
दानवीर उदार कुक्कुट, पावरिक, गोशितपिसं
अमिगु नामं भिंक दय्कुगु स्वंगुलिं आरामस
संघ सहित विहार याना: च्वंबले अन छन्हु सुथे
कलह जुल छुं विनयलंघन जूगु हेतुं भिक्षुतय्।
थुगु खँ सीका: धाल शास्तां "वां छ्व विग्रह भिक्षुपिं।

उख्यर कौशाम्बी उपासकपिनि मने तंम्वेकल-
"छ्वत थनं ध्व अनर्थकारी भिक्षुतय्सं दशबल,
आ: उकीं भ्रीसं थमित छुं अन्न भिक्षा बीमखु
मान, पूजा छ्व्यति छुं सत्कार जक नं याय् मखु"
अमि. परस्पर यात सल्हा- "बे मखुत आ: थन जना
बन्धुपिं। थुगु ल्वापु छ्योंवन्य लोकगुल्याथाय् वना:"
वल व विग्रह कलहकारक भिक्षुपिं कोशल स्वया:।
"कष्टवी गुल्यात थमिसं ल्वापु ख्यापु थया: थया:।"
धैगु शंकां अमित लें हे जुजु प्रसेनजितं पन.
धायक्य छ्वत करुणामयं थुलि "वे ब्यु अमि इच्छां थन"
सारिपुत्र महास्थविर, श्रद्धेय मौद्गलायन,
धीर अनुरुद्ध व महाकाश्यप, स्थविर कात्यायन,
विनय सम्पन्नम्ह उपाली, पूज्यवर आनन्द व
श्रमण राहुल आदि भिक्षुपिसं व भण्डनकारक
भिक्षुपिं अन व:गु सीका: न्यन सुगतयाथाय् वया:-
"वल हँ भन्ते! थन व भिक्षुत, अमित गय् व्यवहार याय् ?"
"धर्म पूर्वक या" धका श्री धर्मराजं बिल लिस:।
गौतमी नं न्यन- "छुयाय् जिं धर्म ध्व धका ल्ये मस:"
वैत ध्वीका: बिल मुनीन्द्रं "धर्म निखल:यां न्यना.
गुगु खँ विनय व शासने लो उगु खँ धर्म धका ज्वना:

धर्मवादी भिक्षुपिनि सिद्धान्त, शान्ति ल्यया: क्या.
अमित छिमिसं जिं कनागु व धर्म पूर्वक मान या।"
धर्मस्वामीं धाल साहु अनाथपिंडकयात नं-
"दान निख्ययातं बिया: न्यन्य धर्म निखल:यागु नं,
भिक्षु गुम्हगुम्ह धर्मवादी जू अमिगु हे दृष्टि का।"
न्ह्योन्य ध्यंक: वल व भिक्षुत "या क्षमा भन्ते।" धका,
भागि याना: बिन्ति यात व भिक्षुतय्सं छ्ख्य च्वना:
"धाल थुम्ह उत्क्षिप्त भिक्षुं 'बन्धुपि'। जिगु प्रार्थना
न्यो ध्व ज्या आपत्ति पूर्णगु ख: दुका संघे जित:'
विनय च्वंक्यत आ: ध्व खँ जिमिसं छुयाय्गु तथागत ?'
वैत गुमिसं पितिन संघं अमित भगवान् श्रीघनं
बिल अनुज्ञा "भिक्षुपिं। ध्वं दोष खन, आ: ध्वैत नं
जिल दु:कासां संघया सम्मति दुसा भ्री संघस"
वैत दुकया: संघ हानं जुल छगू हे लोकस।
भिक्षुपिं मुंका: अनं वन राजगृहस मुनीश्वर,
अन च्वना: ताला निलातक वन व नाला ग्रामस।
उखुनु हे गुलुपा: ज्वना: चीवर पुना: भिक्षा फ्वना:
व:म्ह श्री भगवान् कृषक ब्राम्हण भारद्वाजं खना:
धाल वं- "हे श्रमण! जिंला सो बुँज्या याना: च्वना:
छ:पिसं नं छाय् मयाना कू व त:कू हल ज्वना:?"

धाल भगवानं न्हिला: "जि नं बुंज्या याना: च्वना
वीर्य-वासायात वाय्का: न्याक्क स्मृतिया कथि ज्वना:,
हल दु प्रज्ञा रूप, लज्जा रूप लाङ्गलदण्डस,
त:गु मा:मा:थाय् चिना: एकाग्र मनया दृढ खिप:।"
वैत हानं ल्यंगु नं कन कृषि-प्रणाली गौतमं
"दक्व मिथ्यादृष्टि छाना: सत्य-कू वाना: थमं
पाप फ्रिगुलि पूर्ण संयत ज्वीगु रूपी चां तना:
शील, तपया वृष्टि ज्वीव उकी ह्वला: श्रद्धा-पुसा

अन्न सयक्यगु खः उकी निर्वाण वा अर्हत फल"
थुगु कुंग्याया फल न्यनाः उम्ह ब्राम्हणं चीवर तिल ।
उगु दँ बर्षावास सुगतं यात उगु हे ग्रामस,
वन अनं बर्षा सिधयुकाः राजगृहस विहारस ।
अन च्वनाः छुं दिन अनं नं चारिका यायां जिन
स्वास्थ्यप्रद कुरुदेशया कल्माषदम्य-निगम थ्यन ।
छन्हु व निगमे लें तथागतयात खन छम्ह ब्राम्हणं,
म्ह्याय् दु गुम्हस्या गुणवती व अत्यन्त हे बांलाःम्ह नं ।
वैत चिन्ता न्ह्याबलें थुलि "स्वीत बी जिम्ह म्ह्याय् छम्ह ।"
वं उकी मालाः जुयाः च्वन लोम्ह क्षत्रिय द्विज छम्ह ।
उखुनु हे व सुवर्ण बर्णम्ह सुगतया शोभा खनाः
वैत स्नातक धैगु भाःपाः थःगु छ्यूँ ब्वां ब्वां वनाः

"भाग्य भद्रे ! योग्य वर लुल वन्यनु मागंधी ब्वनाः
छिमित योसा वैत हवंकाःबी" धया लःथल ज्वनाः
हर्ष पूर्वक म्ह्याय् ब्वनाः अन वल अपिं निम्ह दम्पती,
न्ह्योन्य भगवानयागु पल्यसा पालिख्वाँय् या संहति
जक खनाः उम्ह ब्राम्हणी ख्वल "भीगु ज्या ज्वीमखु थन
चि ध्व यतिया बा नृपतिया, भी जिलाजं ज्वी गन ?"
अथ्य खँ ल्हाल्हां चिंन्ह ल्यूल्यू वन अपिं भगवान् दुथाय्
ब्राम्हणं थुलि धाल म्ह्याय्या ल्हाः ज्वनाः चाचां हथाय्--
"श्रमण ! गुनकेरा लही थें यत्न पूर्वक तःदँत
दुख सियाः लहिनाः तयाम्ह ध्व रूप, गुण दुम्ह म्ह्याय् छितः
योग्य भाःपाः बीत्यना, या ग्रहण भार्या यायत ।"
वैगु खँ न्यनाः मुसुक न्हिल अन शाक्यसिंह तथागत-
"गृहस जिं वानाः वयाः गुण रूप-निधि गोपासती,
पितिन्य धुन जिं मारकन्या प्रीति सह तृष्णा, रति,
छ्वीत मागंधी जितः आः ? ब्यूहु मालाः सुं वर"
स्पष्ट खँ ब्राम्हण-सुताया द्वेषभावं मन छ्वल ।
बौम्ह ब्राम्हणया मने तल-"खः ध्व त्यागी निश्चय"
धाल वं "हे श्रमण छःपिनि पापया मदुला भय
सर्व लक्षण पूर्ण रमणीरत्न हेलां लाइगु ?
पूर्वजन्मे छु दु विचाः, मत, शील, व्रत छःपिनि गुगु ?"

वैत्त भगवानं लिसः बिल- "धर्म जिं मालाः स्वयाः
दार्शनिकतय् वाद तोताः आत्मशान्ति ल्ययाः क्या"
ब्राम्हणं न्यन- "मत मदयकं आत्मशान्ति गनं खन ?"
वैत उकिया हेतु सकतां ध्वीक वसपोलं कन-
"जिं प्राप्त यानाः गुगु आत्मशान्ति
शीलं, ब्रतं ज्वी मखु वैगु प्राप्ति
न दर्शनं ज्वी, न श्रुति, न ज्ञानं
न दैगु मागंधिय ध्वैगु त्यागं ।
हानं गुलिं मानव मूर्खताय् दु
गुलिं गुलिं पण्डित दर्शने कुं
भाःपाः सदानं सम, उच्च, नीच
विवाद यानाः च्वनि न्हां अनेक ।
परन्तु न्यूनाधिक जो मखंपिं
आवास तोताः फुक काम फूपिं
अलिप्त ज्वी लोकस काम रागे
ध्याचः, लखे पद्म मदुंगु थें हे ।"
धन्य भगवन् धन्य !" नापं "स्वीत बी" धा धां मनं
म्ह्याय् ब्वनाः गय् वःगु खः अय् वन व नागंधिय अनं ।
बुद्ध भगवानं व निगमे स्वस्थ तनपिं जन खनाः
"स्वस्थ ज्वी थमि चित्त निश्चय याइ धमिसं धारणा"

धैगु भाःपाः अमित 'सति पट्ठान सुत्त' व हाकनं
'श्रेष्ठ सुप्त निदान'या नं देशना यानाः अनं
चाःहुहुं मथुरा जुनाः नं ग्राम वेरञ्जा थ्यन ।
अन बयाः छम्ह ब्राम्हणं शुभ प्रश्न याय् धुंकाः न्यन-
"जिं न्यना-'सुं वृद्ध ब्राम्हण थःसिवे नं ज्येष्ठम्ह
न्ह्याम्ह वःसां मान मर्यादा मतः छुं गौतमं'
थुगु खँ खःला बा ध्व केवल लोकया अपवाद ला ?"
लोकज्येष्टं वैत थुकथं बिल लिसः मुसुमुसु न्हिलाः-

"संसारे जिं मानव वा दानव देव
पूजा याय् लोपिं मखना सुं छम्ह मेव,
छाय् धाःसा गय् ख्ये तप छ्याना: थव त्वाथं
न्हापां प्याहाँ वेफुम्ह खाचा जुइ ज्येष्ट ।
अय् हे जिं नं ख्येंच अविद्या तप छ्याना:
प्यंगु ध्याने चित्त तया: निर्मल याना
खंका: न्हापा जन्म व नाना सुख दु:ख
वंका: प्रज्ञां आस्रव लोके जुल ज्येष्ठ ।"(मत्तमयूर )
"धन्य गौतम धन्य छ:पिं ज्येष्ठ जक मखु श्रेष्ठ नं
विश्ववन्द्य ! थनि निस्यं छ: पिनि उपासक जुल जि नं
थुगु दँ थुगु हे जिमिगु गामे बिन्ति बर्षावास या"
थुलि धया: वन धीर ब्राम्हण सुगतया स्वीकृति क्या ।

किन्तु उगु गामे जुया: दुर्भिक्ष उगु दँ तस्सकं
संघयात लही मफुत बांलाक द्विज वेरञ्जकं ।
योग्य भिक्षा कायत थाकुल चा:हिला: नं ग्रामस,
दैवयोगं थ्यन छथो सल मीत व:पिं वणिकत ।
भिक्षुपिनि उगु अन्न कष्ट खना: व सल बञ्जा:तस्यं
अमित छुं भति अन्न बिल सल यात आपा मनकुस्यं ।
उगु दँया बर्षा सिधय्वं न्हूगु साम्हा दुत क्या:
संघ सकस्यातं व विप्रं भोजन व चीवर बिया:
भक्ति पूर्वक यात पूजा थ:गु छ्यें स:ता: यना:,
सुगत मण्डल का: वन्यत वन वैत धर्म कथा कना: ।
ग्राम वेरञ्जां वना, सोरेय्य संकाश्ये जुना:
कान्यकुब्ज, प्रयाग, काशी नगर वैशाली वना:
च्वन महावनयागु कूटागार शालाय् श्रीघन,
वल 'सुदिन्न कलंद पुत्र धयाम्ह साहुमचा अन ।
धर्म श्रवणं वैत अति हे भिक्षु ज्वी इच्छा जुया:
धाल "भगवन् ! भिक्षु संघे का जित: करुणा तया"
वैत सुगतं धाल "दतला माम बौया अनुमति ?"
"मदुनि" धा धां छ्यें वना: वं न्यन हथाय् चाचां अति
"बुद्धया खं थुगु खँ सिल जिं ब्रम्हचर्य गृहे च्वना:
पूर्ण पालन ज्वीत थाक्वी भिक्षु जूवन्य न्है वना: ?"

मां अबुं गय् वैत थुगु खँ बी अनुज्ञा शीघ्रतां
धाल "गय् छ्वे छन्त तोता: छं थ्व छु खँ ल्हाना पुता ?"
वं तिब: अति यात नं मब्युस्यंलि आज्ञा बें च्वना:
नयगु तोतल थुलि धया: वं "भिक्षुज्वी वा वन्य सिना:"
न्हयन्हु दयका: मित्र छम्हस्यां अन वया: व सुदिन्नया
खिन्न मां बौपिन्त धा:वल-"भिक्षु जूसां ख्वा: स्वया:
च्वन्यगु उत्तम सिक्य सिबे नं छ्वै ब्यु याकन भिक्षु याय्"
मां अबुं अल्य बिल अनुज्ञा वैत मंमदुसां छुयाय् ।
निन्हु प्यन्हुं म्हंफय्‌व लयताया: व सुगत दुथाय् वल,
भिक्षु जक मखु पिण्डपातिक पांसुकूलिक नं जुल ।
बुद्ध बर्षावास याय्त बिज्यात चालिय पर्वते
चा:हुहुं सद्धर्म न्यंका: न्यंक उत्तर भारते ।
हाकनं सर्वज्ञ वैशाली बिज्याना: च्वंगुलिं
लिच्छबी-सेनापति श्री सुगतया गुण ता:गुलिं
गुरु निगंठं गंक गंकं वल व कूटागारस ।
वन्दना याना: न्यनं न्यन "जिं मस्यू यश दुर्यश,
नित्य भन्ते । धा:गु ता:जिं 'अक्रियावादी' छित:
ख:गु ख:ला वा थ्व निन्दा या:गुला लोकं जक ?"
वैंत भगवानं लिस: बिल- "सिंह सेनानायक !
धा:गुसा बांलाक थ्वीका: अक्रियावादी जि ख:


हेतु 'अकुशल धर्म फिगुलिं अक्रिया ख:' "जिं धया"
धाल उम्ह सेनापतिं अत्यन्त हे प्रमुदित जुया:
"धन्य भगवन् ! थुल अहो आ: ज्वी जि बुद्धोपासक"
धाल शास्तां वैत हानं "छं बिचा: निं या छको
छ्वीत छुंज्या वाय्क्यमा: सम्भ्रान्त पुरुषं थ: मती"
वैगु श्रद्धा वृद्धि जुल भ: बुद्धया थुगु खं अति ।
बिन्तियात "जि बुद्ध, धर्म व संघया शरणे वया

या कृतार्थ जित: तथागत बुद्धधर्मे दुत कया:”
वैत हानं धर्मराजं बिल सुशिक्षा-“छिमि कुल
सिंह ! ताकालं निस्यं हे जैनतय् बुंगा: जुल,
छं उर्की बीमा: अमित नं वैबले भिक्षा सदा”
भं प्रसन्न जुया: व सिंहं थ:गु क्यन सन्तुष्टता -
“धन्य समदर्शी मुनीश्वर ! शरण वे धुन सुगतया
धर्मया नं संघया नं योगु या आ: छं स्वया:”
थुलि धया: वं पालि भोपुल, वैत भगवानं थना:
यात सद्धर्मे समुत्तेजित अनेक कथा कना: ।
वन व दशबलयात भ्वे हाना: अनं हर्षित जुया:
वं कन्हे खुनु भ्वे नया: भगवान् अनं वन भद्दिया ।
भद्दियां अंगुत्तरापे, आपणे छुं दिन च्वना:
शैल ब्राम्हणयात भिक्षु छुना: कुशीनाराय् वना:

आतुमा लाका: अनं नं नगर श्रावस्ती वन,
अन मुनीन्द्र अनाथपिण्डकयागु जेतवने च्वन ।
हस्तिपद उपमा व अक्खन सूत्र याना: देशना
अश्वलायणयात ‘कर्म वर्ण ज्वीगु’ खँ नं कना:
मेगु हानं पोटठ्पाद व चित्तहत्थि निम्हेसितं
थ्वीक ‘संज्ञा फ्वीगु’ खँ कना: शाक्यसिंह तथागतं
पुत्र राहुलयात ‘आनापानसति’या भावना
याय्गु उत्तम धैगु आदि अनेक ज्ञान कना: कना:
उगु दँ बर्षावास जुल अन, वन अनं मनसाकटे ।
अन च्वना: निम्ह माणवक वाशिष्ठ भारद्वाजतय्
ब्रम्ह लोके थ्यनिगु बिषये दुगु फुका: शंका अल्य
चारिका यायां अनं वन सुगत इच्छानंगले ।
माणवक अम्बट्ठया जात्याभिमान फुका: फुक
ओपसाद जुका: अनं नं चा:हुहुं परिनायक
खाणुमतस बिहार याना: त्रिविध मखया संपदा -
षोडश परिष्कार सह कुटदन्तयात स्यना: कना:
चारिका यायां अनं चम्पा व वैशाली अनं
नगर श्रावस्ती वना: विश्राम याना: नं अनं
कपिलवस्तु पुरे वना: न्यग्रोध आरामे च्वन,
उगु दँ भिंन्यागूगु बर्षावास नं जुल न्हां अन ।
भिनिदँ उख्य थुख्य धयागु भिंन्यागूगु सर्ग सिधल ।

**ने. सं. ६५ साल घ्योचाकु संल्हू**

## श्रद्धाञ्जली देछाये



बौद्ध संघ भक्तपुरया नायो भाजु **त्रिरत्न शाक्यजु** ई मत्थकं दिवङ्गत जुगुलिं बौद्ध साहित्यया ख्यलय अपूरनीय क्षति जूगु तायक च्वङा । वयक भाजुयाता लुमन्ति यासे छम्हु श्रद्धाञ्जली देछाये ।

**बौद्ध दर्शन अध्ययन समाज**

भक्तपुर

# मैडम अलेक्जेण्डर डेविद - नील



✍रत्नसुन्दर शाक्य

१९ औं र २० औं शताब्दीका केही सुप्रसिद्ध तिब्बती यात्रुहरूमा भारतका रायबहादुर शरत चन्द्रदास (सन् १८४९- १९१७) र जापानका भिक्षु ईकाइ कावागुची (सन् १८६६- १९४५) पश्चात् युरोपका मैडम अलेक्जेण्डर डेविड नील (Madame Alexamdra David- Neel) को नाम अग्रपंक्तिमा लिन सकिन्छ ।

उनको जन्म सेन्टमाण्डे (क्बष्लत( :बलमभ) नामक पेरिसको एक वाहिरी भूभागमा सन् १८६८ मा एक सम्पन्न परिवारमा भएको थियो । उनले २३ वर्षको उमेरमै पूर्वीय धर्म-दर्शनको विस्तृत अध्ययन मनन पश्चात् ती पूर्वीय धर्म दर्शनको प्रचार-प्रसार हेतु पेरिसको :गकभभ न्ाष्भत मा एक अध्ययन केन्द्र नै स्थापना गरिसकेकी थिइन् ।

सन् १८९४ मा विवाह गरेकी उनको बैवाहिक जीवन अल्पकाल मै टुङ्गियो । पतिसितको सम्वन्ध विच्छेद पछि नै उनी पूर्व एशियामा आई आफ्नो रुची अनुरूप पूर्वीय धर्म दर्शनको गहन अध्ययनमा लागेकी थिइन् जस्मा उनले डेढ दुइ दशक नै विताएकी थिइन् । यसै समया वधिभित्रमा उनले दार्जिलिङ्गमा १३ औं दलाई लामालाई भेट गरेकी थिइन् साथै सिक्किमका एक सुविख्यात लामा योङ्गदेनसित घनिष्ठता बढाई उहासितै सह-यात्रु भई देश देशावर घुमेकी थिइन् ।

मैडम डेविड नीलले वडो साहसिक रुपमा ३ पटकसम्म तिब्वत यात्रा गरेकी थिइन् । प्रत्येक यात्रामा उनले तिब्वती गुम्बाहरूमा रहनुभएका लामागुरुहरूसित घनिष्ठता बढाई तिब्वती भाषामा रहेको पाँचहजार भारतीय ग्रन्थहरू जनु कंजुर तंजुरको रूपमा ३३८ वटा ग्रन्थहरूकोलाई

रूपमा थियो । विशेष अध्ययन मनन गरेकी थिइन् । उनी सदा तिब्वतीभेष र तिब्वती खाना मन पराउन्थ्यो । तिब्वती शैलीमै जीवन विताई रहेकी बौद्ध विदुषी महिलाको रुपमा परिचित हुदै गएकी थिइन् ।

मैडम डेविड नीलले तिब्वती बौद्ध धर्मको पर्याप्त अध्ययन पश्चात् पालि साहित्यको पनि विस्तृत अध्ययन गर्न श्रीलंका पुगिन् । श्रीलंका पश्चात उनी अध्ययन कै हेतु वर्मा एवं जापानमा पनि पुगेकी थिइन् ।

मैडम डेविड नीलले थेरवादी बौद्ध देशहरूमा पनि कयौं वर्ष विताई सकेपछि महायानी बौद्ध देशहरू कोरिया, चीन र मंगोलियामा पनि लामा योङ्देनकै साथ पुगी ती प्रत्येक बौद्ध देशहरूको धार्मिक गतिविधि एवं त्यहाँको रितिरिवाजको बारेमा पनि पूर्ण अध्ययन मनन गरी सन् १९२५मा स्वदेश (फान्स) फर्केकी थिइन् ।

आफ्नो देशमा फर्के पछि उनले क्रमिक रूपमा बौद्धधर्मका विभिन्न शाखा, तिब्वती बुद्धधर्म, तिब्वत-यात्रा सम्वन्धी कयौं कृतिहरू रचना गरी प्रकाशनमा ल्याएकी थिइन ।

उनको विशेषता : उनका १५ वटा जति उनका प्रमुख पुस्तकहरूमा १० वटा फ्रेन्चभाषामा र ५ वटा जर्मनी भाषामा थिए । पछि ती सबै कृतिहरू अंग्रेजी भाषामा अनुवाद भइसकेको कारण मैडम अलेक्जेडर डेविड नीलको सुनाम संसार भरमा फैलि सकेको थियो । उहाका कृतिहरू पोलिश, स्वेडिस, चेक र स्पेनिस भाषामा पनि अनुवाद भएबाट सारा यूरोपमा उहाँको प्रसिद्धि एक डेढ दशकको अवधिभित्रै चरम चुलीमा पुगेको थियो ।

अलेक्जेण्डर डेविड नीलले १०१ वर्षको उमेरमा (३ सेप्टेम्वर १९६९)का दिन उनको आफ्नो जीवन अन्त भएकी थिइन् । उनको दाहसंस्कार पश्चात् उनका केही भष्म उनका अनुयायी एक समूहले फ्रान्सबाट भारत पुऱ्यायो । भारतको कलकत्ता शहरमा सर्व प्रथम पुर्याइ केही दिन त्यहा राखि ती समूह तथागतको धर्मचक्र प्रवर्तन स्थल सारनाथ आई पुगेका थिए । उनीहरू मूल गन्धकुटी विहारमा पुगी महावोधि सभाका महासचिव भिक्षु एन. जिन रत्न नायक महास्थविर (सन् १९१३-१९८३) प्रमुख भिक्षु संघद्वारा परित्राण पाठ सम्पन्न गरे पछि सो भष्म एक कारमा राखी मार्चपासका साथ बाराणसीको एक घरबाट पछि नदीमा प्रवाहित गरिएको थियो ।

**सन्दर्भ**

1.The western contribution to
Buddbish
- William peiris
- Motilal Banarasidas
- Jawahar nagar, Delli-7 1973
2. The seekers glossary of
Buddhism
-The corporate body of the
buddha Educational Foundation
3. The Maha Bodhi
-vol - 82, No 8, 9 -Aug- sep- 1974

# पहिला जानौं त्यस पछि मानौं प्रसंग -भागवत पुराण र घत जातकको सम्वन्ध र केही ऐतिहासिक चर्चा

**सुरेश ज्योति शाक्य**

हिन्दू लोक भनाई छ, बेदादी लगाएत हिन्दु धर्मका सम्पूण ग्रन्थ (वाङमयहरू) नस्त भए पनि एक भागवत गीता शेष बाकी भएमा यस भित्र सम्पूण हिन्दू ग्रन्थहरूको ऐना स्वरुप देख्न सकिन्छ । यस कारणले हिन्दू वाङमयमा केही पनि कमी आउदैन भन्ने लोक भनाइ छ । यसरी भागवद गीताको लागि यति ठूलों सार्टिफिकेट प्राप्त हुनुमा ठूलो विशेषता हुनु नै पर्छ । किन नहुनु । यस भित्र सम्पूर्ण ज्ञान दर्शनको उपदेश दिइराखेको छ । जस्तो - इश्वरवाद, अनिश्वरवाद, शाश्वत जीववाद, अनित्य जीववाद, मन आत्मवाद, वर्णाश्रम धर्म, गृहस्थ धर्म राज धर्म, ज्ञान योग भक्ति योग, कर्मयोग श्राद्धद, तर्पण, हिंसा, अहिंसा, स्वर्ग, नरक, मोक्ष, पाप, पुण्य, कर्तव्य, अकर्तब्य, बेद समर्थण, बेद असमर्थण आदि इत्यादिको विषयमा भगवान कृष्णले उपदेश दिइराखेको देख्न सक्दैछौं। जस्तो गीता ज्ञान अर्थात संवाद यसरी शुरु हुन्छ।
धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः ।
मामका : पाण्डवाश्चैव किमकुर्तत संजय ॥१॥ ( भगवद् गीता- १-१)

धर्म क्षेत्र नामको कुरु क्षेत्रमा पाण्डव र कौरव उभय पक्षको बीचमा श्री कृष्णले अर्जुनलाई संवादद्धारा उपदेश दिइरहेको र स्व प्रत्यक्ष प्रसारण जस्तै जुन वृतान्त दिब्य दृष्टी द्वारा संजियबाट अन्धालाई धृतराष्ट्रलाई सुनाई राखेको धर्म शास्त्रको ग्रन्थ हो ।

यसरी नै तथागत बुद्धले पत्ता लगाएको जुन बोधि ज्ञान उहाँले २९ वर्ष सम्म अध्ययन अनुसन्धान गरे.र त्यस पछि दरवार छोडेर श्रमण भएर गयाको घोर जंगलको पिपलको बोट मुनि ६ वर्ष सम्म कठोर तपश्या गरेर आफैले अनुभव गरेर पत्ता लगाएको हो । जुन ज्ञान सर्व प्रथम मृगदा वन (सारनाथ) मा वसिरहनु भएका ५ जना ब्राम्हणहरूलाई (१) शालवृक्षको छहारी मुनि दिनु भएको हो । जुन मृगदा वन त्यस बेला निक्कै शान्त र मनोरम दृष्य भएको कुरा पालि त्रिपिटकको धर्म चक्र प्रवर्तन शुत्तमा राम्ररी उल्लेख गरिराखेको छ । (२)

यहाँ सर्वश्रेष्ठ भनेको भागवत गीता ज्ञान भगवान श्री कृष्णले आफै अध्ययन अनुसन्धान र अनुभव गरेर पत्ता लगाएको कुरा ब्यक्त गरेको कुरा देखिन्दैन । किन भने वहाँ आफै दृष्य पनि हो अदृष्य पनि हो । जुन गीता ज्ञान भगवान कृष्णले लाखौं लडाकुहरूको विचमा, युद्ध भूमिमा शस्त्र अस्त्रको तंकार, संखघोष भेडी घोष आदि कोलाहल

दृष्यको विचमा अर्जुन एक्लैलाई उपदेश दिएको हो।

तथागत बुद्धको माहोल दृष्य र भगवान श्री कृष्णको जन माहोल दृष्यलाई तुलना गरेर हेर्ने बेला तपाई हामी जस्ता साधारण र स्वतन्त्र दिमागहरूको लागि आश्चर्य लाग्न सक्दछ।

यति लोकप्रिय ज्ञानको भण्डार स्वरुप गीता ज्ञान कहिले लिपिवद्ध भएको र भगवान श्री कृष्णको विषयमा पनि इतिहास खोजविन गर्नुपर्ने हुन्छ। इतिहास भनेको ऐतिहासिक सामाग्रीहरूले (३) प्रमाणित गरेको हुनुपर्छ। जसको लागि राम्ररी अध्ययन अनुसन्धान गरेर निणर्य गर्नु पर्छ। भगवानको कुरा आफ्नो ठांउमा छ। जम्बुद्धिप भारत वर्षको )४) तथ्य पूर्ण इतिहास मौर्य सम्राट अशोकको अभिलेखबाट शुरु हुन्छ र प्रमाणित पनि गर्दछ। सम्राट अशोकले राखेको करिव ४० भन्दा बढी अभिलेखहरू प्रकाशित भैइसक्यो। यस भित्र ग्रीक लिपि र ग्रीक भाषा प्रयोग भएको १, अरभिक लिपि र अरविक भाषा प्रयोग भएको र १, एउटै अभिलेखमा अरभिक १, खरोष्टी र खरोष्ट भाषा प्रयोग भएको करिव ३ र बाकी बम्ही ( धम्म) लिपि र आकृत भाषाप्रयोग भएको अभिलेखहरू हुन। यस भित्र संस्कृत भाषा प्रयोग भएको अभिलेख एउटा पनि देख्दिैन। यसरी नै बेस नगरको गरुडध्वज स्तम्भलेख ई.पु. प्रथम शताब्दी तिर काशी पुत्र भगभद्रको नामबाट प्रसिद्ध जुन बासुदेव ? लाई समर्पित अभिलेखमा पनि संस्कृत भाषा उल्लेख भएको छैन। प्राकृत भाषा र बम्हि लिपि नै हो।

संस्कृत भाषाको शुरुआत प्रथम शताब्दी पछि महायान बौद्ध ग्रन्थहरूबाट उल्लेख भएको देख्न सक्दछौं। यसरी नै ई.सं. १५० तिरको शक क्षत्रय रुद्रदामनको जुनागध्द गिरनार शिलालेखको लिपि कुशाण ब्राम्हि र भाषा प्रारम्भिक संस्कृत भाषा प्रयोग भएको देखिन्छ। समकालिन नेपालको जयवर्माको सालिक अभिलेख पनि प्रारम्भिक संस्कृत भाषा प्रयोग भएको प्रमाण देख्न सक्दछौं। भारतको प्रसिद्ध भाषा र इतिहासविद डा. राजेन्द्रप्रसाद सिंहको भनाई अनुसार ई.पुं तेश्रो शताब्दि देखि पच्छिमबाट ग्रीक, पर्सिएन आदिबाट आवत जावत बढयो त्यस पछि उनिहरूको भाषा र भारतको मौलिक भाषा पालि प्राकृतिकलाई मिलाएर संस्कारित गराएर संस्कृत भाषाको विकास हुन्दै आएको कुरा बताउंछ। ग्रीक, पर्सिएन भाषासित संस्कृत भाषा निकै मिल्छ। यसरी नै महायान बौद्ध ग्रन्थ ललित विस्तर शुत्र प्रज्ञापारमिता आदि संस्कृत भाषाको ग्रन्थहरू भन्दा रामायण महाभारत भागवत पुराणमा उल्लेखित लिपि र संस्कृत भाषा निकै विकसित देखिन्छन्। जुन तुलनात्मक अध्ययन गर्ने बेला भागवत गीता ई.सं.को दोश्रो शताब्दि पछि मात्र लिपिवद भएको कुरा भाषाविद डा. राजेन्द्रप्रसाद सिंह मान्छन्।(५)

जम्बुद्धिपको अभिलेख प्रमाण अनुसार पालि त्रिपिटक सबभन्दा पुरानो हो। जुन कुरा अशोकको अभिलेखहरूमा सूत्तपिटक र विनय पिटकको विषयमा चर्चा भैसकेको कुरा प्रमाण मौजुद छ। (६) यो केहि अनुसन्धान भाषा र लिपि सम्वन्धी भयो। यसरी नै अन्य पुराण, महापुराणहरूमा जस्तै भागवत पुराणमा पनि तथागत बुद्धको विषयमा आ-आफनै दृष्टीले चर्चा गरि राखेको छ।

"त तः क्लौ संप्रबृत्ते सम्मोहाय सुरद्विषाम।
बुद्धो नाम्ना जन सुतः। जिन सुतः कीकटेषु भविष्यति"॥
(भागवत पुराण -१-३-२४)

अर्थात - नवकलियुग शुरु भैसके पछि राक्षसहरूलाई मोह (अज्ञान)मा फसाउनको लागि गया भन्ने ठाउंको कीकट नामको प्रदेशमा जिन या जनका पुत्र भएर बुद्ध नामबाट जन्म हुने छ। यसरी नै गीताको दोश्रो अध्यायमा उल्लेखित केहि श्लोकले बेद (श्रृष्टि) को ज्ञानलाई त्यति महत्व मानेको देखिन्दैन। बेद ज्ञानलाई अधुरो नै मानेको देखिन्छ। केहि प्रमाण-

पुष्पितां बाचं प्रवदन्त्य विपश्चितः, वेद वादरताः, स्वर्गपरा, भोगैश्वर्यगति प्रति बुद्धि समाधौ न विधीयते। (गीता -२।४२।४४)

अर्थात- जो अविवेकी, जो वेदको ज्ञानमा मस्त हुन्छ, जो स्वर्गको इच्छा गरिरहन्छ, यस्ता ब्यक्ति भोगमा मात्र आसक्त हुन्छ, यसरी नै लोभ लालजको मात्र कुरा गर्नेहरू। यस्ता खालका व्यक्तिहरूको बुद्धि समाधीमा प्रवेश गर्न सकिन्दैन।

त्रैगुण्य विषया वेदा निस्त्रैगुण्यो भर्वाजुन (गीता-२/४५)

अर्थात- वेद मात्र तिन गुणको विषय तक सीमित होः परन्तु अर्जुन तिमि तीन गुण भन्दा पनि सीमा पार गरेर, वेद भन्दा पनि अगाडि गएर त्रिगुणातीत बनो। "यावानर्थ उदपाने सर्वत संप्लुतोदके तावान् सर्वेषु वेदेपु ब्रम्हणस्य विजानतः।" (गीता २/४६)

अर्थात- जव चारै दिशा सवै ठाउँमा पानीको समस्या छैन, भरिभराउ छ भने त्यस वेला कुनै तलाउको विशेष महत्त्व हुन्दैन। यसरी नै तिमी जस्तो ज्ञानीको लागि वेदको कुनै महत्त्व छैन। आदि इत्यादि।

अव अन्त्यमा हात जातक र भागवत पुराण-कृष्ण लिलाको विचमा समानता र प्राचिनताको विषयमा थाहा पाउनको लागि संकटको रूपमा केही कुरा उल्लेख गर्दछु। (७) जातकको अर्थ जन्म (चिनारी) सम्बन्धी घटना हो। बुद्धत्व प्राप्त गर्नको लागि उहाँ तथागत बुद्धले ५४७ जन्मसम्म वोधिसत्व चर्या गर्नु भएको हो। वोधिसत्वको अर्थ बुद्धत्व प्राप्त गर्नको लागि प्रयलशील प्राणी हो। पाली त्रिपिटक अनुसार जातक कथाहरू ठूलो सानो गरी ५४७ वटा उल्लेख छन। जुन सुत पिटक अर्न्तगत खुदक निकाय भित्र पर्दछ। प्राचीन भारत वर्षको इतिहासमा जातक कथाहरूको निकै लोकप्रिय छ। ई.पु. तेस्रो शदिको भरहुतस्तुप, साँचीस्तुप, अजंता गुफा आदिमा लिपी सहित जातक कथाहरूको चित्रण गरेको छ। पूर्वीय वाङमयको इतिहास अध्ययन गर्नेहरूले पालि साहित्यको जातक कथाहरू अध्ययन नगरिकनं हिन्दु पुराण महापुराणहरूको टाउको र पुच्छर कुन हो भन्ने कुरा थाहा पाउन सक्दैन। नेपालको सर्व प्राचीन लिच्छवी अभिलेख भनेको चावहिलको अभिलेखमा किन्नरी जातक उल्लेख भएको छ। ९.दशरथ जातक अनुसार राम बोधिसत्व तथागत बुद्धकै एउटा पूर्व जन्म हो। यसरी नै घट जातकमा बासुदेव (कृष्ण) सारिपुत्र महास्थविर र भाई घत पण्डित स्वयम तथागत बुद्धको एउटा पूर्व जन्म हो। घत जातक एक प्रकारको सानो कृष्ण लिलाको भागवत पुराण जस्तै हो। यसमा वासुदेव (कृष्ण) को जन्म देखि कंसको हत्या, त्यस पछि द्वारिकामा बसेर अनेक युद्ध गरेको सम्पूर्ण कथा उल्लेख भएको छ। यसरी नै चानूर र मुस्टिक पहलमानहरूको हत्या गरेको आदि इत्यादि कुराहरूको पनि वर्णन गरिएको छ। यति मात्र होइन कान्हा दीपायन (वेदव्यास)

मुनिको घटना उसको भविष्य वाणी अनुसार वासुदेवको वंश समाप्त भएको, स्वयम सिकारीको वाण खुट्टाको बुढि औंलामा लागेर वासुदेव कृष्णको मृत्यु भएको साना साना कुराहरू पनि घत जातकमा राम्ररी उल्लेख गरि राखेको छ। हिन्दु पुराणहरूमा जस्तै जातक कथामा अतिराजित कुराहरू छैन । यसमा गोवर्धम गाँउको कुरा आएको छ। कृष्णले गोर्वधन पर्वत उचालेको कुरा आएको छैन । यसरी नै घत जातकमा मल्ल युद्धको उत्सवमा कृष्णले आफू संगै ल्याएको चक्र फिकेर हानेर कंस र उपकंसको टाउको छेद्न गरेको उल्लेख गरेको छ भने कृष्ण लिलामा भगवाण कृष्णको सुदर्शण चक्रको अनेक महिमा गाएको छ । आदि इत्यादि ।

**सन्दर्भ प्रमाण तिप्पणी**

१. जुन पंचभद्रवर्गीय प्रथम भिक्षुहरू कपिलवस्तुकै ब्राम्हणहरू हो भन्ने चलन छ ।

२. धम्मचक्र प्रवत्तन सूत्त- सुत्त पिटकको संयुक्त निकाय ।

३. प्राचीन- अभिलेखहरू, साहित्य, कला, संस्कृति र भूगोल आदि ।

४. कैलाश-मानसरोबरको दक्षिण भाग देखि गिल्गीत पर्वत सम्मको भूभाग लाई त्यसवेला जम्बुद्विप भन्ने चलन छ। त्रिपिटकको अंगुत्तर निकाय अनुसार ई.पू. ५००-६०० तिर जम्बु द्विपमा १६ महाजनपदहरू प्रसिद्ध भैरहेको छ।

५. Search Results for saskrit Bhasa - Da. Rajendra Prasad

६. भारतवर्षको सबभन्दा पुराणो वाङमय शिलालेखबाट प्रसिद्ध कोलकाटा वैराठको अशोक अभिलेखमा त्रिपिटकको सूत्र पिटक र विनय पिटकको केही ग्रन्थहरू उल्लेख गरिराखेको छ। जुन ई.पू. तेस्रो शदिको हो ।

७. जातक कथाहरू त्रिपिटकको खुदक निकाय भित्र पर्दछ। घट जातक वासुदेव कृष्णसित सम्वन्ध भएको एक प्रसिद्ध जातक हो। जस्मा कृष्णको जीवन घटनाको विषणमा राम्ररी उल्लेख गरिराखेको छ।

८. बोधिसत्व चर्यामा तथागत बुद्धले ३० वटा पारमिता धर्म पुरा गर्नको लागि आफ्नो अनेक पूर्व जन्ममा श्री सम्पत्ति मात्र होइन आफ्नो शरीरको अङ्ग प्रत्यङ्गहरू पनि निस्वार्थरुपले दान गरेर गएको कुरा उल्लेख गरिएको छ।

९. जुन अभिलेख चारुमती विहार चावहीको धंदो महास्तुप संगै छ ।

**मूल स्रोत**

१. भागवत गीता की बुद्धिवादी समीक्षा- डा.भ. आनन्द कौसत्यान- नागपुर, भारत

२. जातक (कथाहरू)- भदन्त आनन्द कौसल्यान।

३. प्राचीन भारत के प्रमुख अभिलेख भागा-१, भाग-२- डा. परमेश्वरीलाल गुप्ता- वाराणशी

४. पुराणौ भे बुद्ध- डा.सुरेन्द्र अज्ञात (शर्मा) ग्रन्थ संग्रह- भारत ।

५. श्री मद् भागवद गीता-यथारुप- बुद्धिज्म और गीता- ज्कबचब ब्तभभत हेर्नुहोस । आदि इत्यादि प्रमाण

२०८१ भाद्र २१ गते, सुकुलढोका

◆

# जहाँ बुद्ध नै बन्दी छन्

सुर्खेतको वीरेन्द्रनगरस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालयको मुख्य गेटको उत्तरतर्फ सल्लाको ठूलो रूख छ । त्यहीँ सल्लाको रूखमा विगत ११ वर्षदेखि भगवान् गौतम बुद्धको मूर्ति बाँधिर राखिएको छ । २०७० जेठ १४ गते प्रहरीले नियन्त्रणमा लिएर बुद्धलाई 'बन्दी' बनाउँदा रूख यति ठूलो थिएन। प्रहरीले काँक्रेविहारबाट नियन्त्रणमा लिएर ट्रकमा लोड गरी यहाँ (तत्कालीन जिल्ला प्रहरी कार्यालय) पुर्‍याउँदा २० फुटको बुद्धको मूर्ति रूखको साइजभन्दा झन्डै दोब्बर थियो ।

प्रहरी संरक्षणमा विगत ११ वर्षदेखि त्यो रूख जसरी हुर्कँदै गयो, त्यसैगरी बुद्ध मूर्ति भने उचित स्याहार नपाएर खुइलिँदै गइरहेको छ । बुद्धलाई बाँध्न प्रयोग गरिएको नेपाल टेलिकमको टेलिफोनको तार रूखका बोक्राभित्रै हराइसकेको छ । बुद्धलाई बाँधिएका टेलिफोनका तार प्रहरीका कपडा सुकाउने माध्यम बनेका छन् । 'बुद्ध' रूखबाट कहिले मुक्त हुने हुन्, टुंगो छैन ।

बुद्ध यहाँ कसरी बन्दी भए जान्न ११ वर्षअघिको घटनालाई स्मरण गर्नुपर्छ । २०७० जेठ १४ गते बुद्ध जयन्तीका अवसरमा बौद्धमार्गीहरू थाइल्यान्डबाट ल्याइएको बुद्धको मूर्ति वीरेन्द्रनगर-९ मा रहेको काँक्रेविहार जङ्गलमा राख्ने तयारी गर्दै थिए । बुद्धको मूर्ति स्थापनाका लागि देशभरका बौद्धमार्गीहरू सुर्खेतमा भेला भएका थिए ।

वीरेन्द्रनगरको लाटीकोइलीमा रहेको बौद्ध गुम्बाबाट पूजाआजासहित बौद्धमार्गीले बुद्धको मूर्ति त्यो दिन बिहान ११ बजे काँक्रेविहार पुर्‍याए । काँक्रेविहारमा बुद्धको मूर्ति स्थापना गर्न २०६४ सालमै बौद्ध धर्मका गुरु शिवा रिम्पोच्छेले अहिलेको शिखरशैलीको मन्दिरभन्दा ३० मिटर तल बुद्धमूर्ति स्थापनाको शिलान्यास गरेका थिए ।

शिलान्यास गर्दा कुनै विवादको स्वर सुनिएन । काँक्रेविहार नेपालको पहिलो संरक्षित वन क्षेत्र हो । संरक्षित वन क्षेत्रमा बुद्धको मूर्ति स्थापना हुन लागेपछि स्थानीय अन्य धर्मावलम्बी त्यसलाई रोक्न लागे । बुद्ध मूर्ति काँक्रेविहारमा स्थापना हुँदा धार्मिक द्वन्द्व बढ्ने देखिएपछि जिल्ला प्रशासन कार्यालयको निर्देशनमा बुद्धको मूर्तिलाई प्रहरीले काँक्रेविहारबाट उठाएर आफ्नो नियन्त्रणमा राख्यो । सो बेलादेखि आजका मितिसम्म बुद्धमूर्ति प्रहरी कार्यालयमा 'बन्दी' छ । '२०६४ सालमा रिम्पोछेले काँक्रेविहारको अहिले बनेको शिखरशैलीको मन्दिरभन्दा ३० मिटर तल बुद्धमूर्ति स्थापनाका लागि शिलान्यास गर्नुभयो । त्यसपछि हामीले पैसा संकलन गरेर थाइल्यान्डबाट मूर्ति मगायौं,' पेमा साँगे सोलिङ गुम्बा समिति सुर्खेतका अध्यक्ष नोर्बु गुरुङले भने, 'त्यतिबेला केही विरोध भएन, मूर्ति स्थापना गर्दा अनावश्यक विवाद सिर्जना गर्ने काम भयो ।'

काँक्रेविहारमा बुद्धको मूर्ति राख्ने विषयमा

२०६४ सालमा सर्वदलीय बैठक बसेको थियो। तत्कालीन लाटीकोइली गाविस, पुरातत्त्व विभागको स्वीकृतिमा बौद्ध गुम्बा निर्माण तथा संरक्षण समितिले भग्नावशेषको ३० मिटर अगाडिको खुला भागमा बौद्धमूर्ति स्थापना गर्ने विषयमा सहमति भएको थियो । सोहीअनुसार बौद्धमार्गीले बौद्धधर्मका रिम्पोछेमार्फत शिलान्यास स्थलको पूजाआजा गराएका थिए ।

उति बेला बुद्धमूर्ति स्थापना गरेका पञ्चसिं रोकाया र शिवा रिम्पोछे यो संसारमा छैनन् । बुद्धमूर्ति राख्न भूमिपूजन गरिएको स्थानमा अहिले शौचालय छ । बौद्धधर्मावलम्बीहरू बुद्ध जन्मेको देशमा बुद्धको मूर्ति स्थापना हुन नसक्नुलाई दुर्भाग्य भन्छन् । विष्णुका नवौं अवतार र बुद्ध नेपालमा जन्मेको भन्नेले बुद्धमूर्ति स्थापनामा बाधा गर्न खोज्नुलाई उनीहरू 'गम्भीर' रूपमा लिएको बताउँछन् । काँक्रेविहार परिसरमा एउटा नलंकर विहार थियो । त्यसैको नामबाट काँक्रेविहार नामाकरण भएको बौद्धमार्गीहरू बताउँछन् । 'पौराणिक समयमा देवताहरू घुमफिर प्रक्रियालाई पनि विहार गरेको भनिएको पाइन्छ । बौद्ध ग्रन्थमा बुद्धले विहार गर्नुभएको अवस्था भनिएको छ अर्थात् बुद्ध आएर बस्नुभएको अवस्थामा भनिन्छ भने भारत श्रावस्तीका अनाथपिण्डकले जेतवन विहार भिक्षुहरूलाई आरामपूर्वक बस्ने स्थानका रूपमा दान दिएको पनि भनिएको छ । अर्थात्, भिक्षुहरू बस्ने स्थान जहाँ बुद्धको आराधना ध्यान पनि गरिन्छ । यसकारण सुर्खेतको काँक्रेविहारमा त्यो बखत कुनै बौद्ध राजाले बोधिसत्वका रूपमा आएको अवस्था र केही बौद्ध भिक्षु बसेको कारणले विहार भनिएको हुनुपर्छ,' बौद्धमार्गीहरू विहार शब्दलाई यसरी विश्लेषण गर्छन् ।

तत्कालीन जिल्ला वन कार्यालय सुर्खेतले बुद्धमूर्ति राख्न अनुमति नदिएपछि काँक्रेविहार पुऱ्याइएको बुद्धको मूर्ति प्रहरीले नियन्त्रणमा लिएको थियो । त्यसयता बुद्धको मूर्ति जिल्ला प्रहरी कार्यालय (हालको जिल्ला ट्राफिक प्रहरी कार्यालय) को हाताभित्र 'बन्दी' छ ।

बौद्धमार्गीहरू हरेक वर्ष बुद्ध जयन्तीमा प्रहरी कार्यालयमै पुगेर बन्दी बुद्धको पूजा गर्छन् । प्रशासन कार्यालयले पटकपटक बुद्धमूर्ति फिर्ता लिन बौद्धमार्गीलाई आग्रह गरिसकेको छ तर बौद्धमार्गी भने काँक्रेविहारमा बुद्धमूर्ति प्रतिस्थापन नहुँदासम्म प्रहरी कार्यालयबाहिर बुद्धमूर्ति नल्याउने अडानमा छन् ।

'पूजाआजा गरेर बुद्धविहारबाट निकालिसकेको मूर्ति फेरि त्यही ठाउँमा लगेर राख्न मिल्दैन,' अध्यक्ष गुरुङले भने, 'जहाँ राख्ने भनेर हामीले मूर्ति निकालेका थियौं, त्यहीं ठाउँमा राख्ने वातावरण नबन्दासम्म प्रहरी कार्यालयबाहिर बुद्धमूर्ति ल्याउँदैनौं ।' बौद्धमार्गीहरू बुद्धको स्थानमै बुद्धमूर्ति राख्नुपर्ने माग गर्छन् । 'टोपी टाउकोमा सुहाउँछ, बुद्ध विहारमै सुहाउँछ,' उनले भने, 'त्योभन्दा बाहिर राख्ने कल्पना हामी गर्न सक्दैनौं ।'

११ वर्षदेखि एक अपराधीलाई जसरी प्रहरी कार्यालयको संरक्षणमा राखिएको मूर्ति कहिले बाहिर ल्याइने हो, टुंगो छैन । 'हामी प्रहरीको हातामा राखिएको महापुरुषको त्यो मूर्ति काँक्रेविहारमा ल्याएर राखिदिने प्रतीक्षामा छौं,' उनले भने, 'काँक्रेविहार नेपालको दोस्रो लुम्बिनीका रूपमा चिनिन्छ, यो पक्कै पनि बुद्धको स्थल हो । यहाँ त्यो मूर्ति राख्न सकियो भने बौद्ध धर्मावलम्बीलाई न्याय हुन्छ ।'

### 'बन्दी' बुद्ध छुटाउने समय आयो

११ वर्षदेखि रूखमा बाँधिएको बुद्धको मूर्तिलाई काँक्रेविहारमा प्रतिस्थापन गर्ने विषयमा अहिले बल्ल छलफल सुरु भएको छ । वीरेन्द्रनगर नगरपालिका-९ का अध्यक्ष ऋषि गिरीले प्रहरी कार्यालयमा

बाँधिएको बुद्धको मूर्तिलाई काँक्रेविहारमा राख्ने विषयमा छलफल सुरु भएको जानकारी दिए ।

'उति बेला बुद्धमूर्ति राख्ने र नराख्ने भन्ने विषयको विवाद जहाँबाट सुरु भएको थियो, त्यहींबाट समाधानको उपाय निकालेका छौं,' अध्यक्ष गिरीले भने, 'चाँडै बुद्धमूर्तिलाई बन्धनबाट मुक्त गरेर काँक्रेविहारमा प्रतिस्थापन हुनेमा आशावादी छौं ।'

प्रहरी कार्यालयबाट बुद्धको मूर्ति छुटाएर काँक्रेविहारमा प्रतिस्थापन गर्ने उद्देश्यले वडाध्यक्ष गिरीको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरिएको छ । समितिमा पूर्ववडाध्यक्ष सुरेश मानन्धर, केशवराज गिरी, कमल गुरुङ, लक्ष्मण रोकाय, नोर्बु गुरुङ र तारा रास्कोटी छन् । 'वडा कार्यालयको समन्वयमा स्थानीय बासिन्दा र सरोकारवालाको भेलाले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा राखिएको मूर्ति काँक्रेविहारमा ल्याएर उपयुक्त स्थानमा सबै धर्म सम्प्रदायको सहअस्तित्व कायम हुने गरी स्थापना गर्ने निर्णय गरेका छौं,' वडाध्यक्ष गिरीले भने, 'उक्त कार्यका लागि आवश्यक कानुनी र प्रक्रियागत प्रक्रिया पूरा गर्न सम्बन्धित निकायमा सामूहिक पहल गर्ने निर्णय पनि भएको छ ।'

वडाध्यक्ष गिरीले डिभिजन वन कार्यालय, जिल्ला प्रशासन कार्यालय, कर्णाली प्रदेश सरकारसँग बुद्धको मूर्ति काँक्रेविहारमा प्रतिस्थापन गर्ने विषयमा छलफल चलाइने बताए । 'पहिले स्थानीयस्तरबाटै विरोध भएकाले काँक्रेविहारमा बुद्धको मूर्ति स्थापना हुन नसकेको साँचो हो,' उनले भने, 'अहिले बुद्धको मूर्ति प्रतिस्थापनका लागि स्थानीयको एक स्वर छ, कुनै विरोध छैन ।'

बुद्धको मूर्ति स्थापनाका लागि गठन गरिएको सहजीकरण समितिका सदस्य कमल गुरुङले विविध कारणले हिजो विरोधमा रहेका स्थानीय पनि सहमतिमा आएकाले अब चाँडै बुद्धको मूर्ति काँक्रेविहारमा प्रतिस्थापन हुने बताए ।

'अहिलेको शिखरशैलीको मन्दिरभन्दा झन्डै एक सय मिटर तल मूर्ति प्रतिस्थापन गर्ने विषयमा छलफल चलिरहेको छ,' उनले भने, 'आशा गरौं ११ वर्षदेखि रूखमा बाँधिएका भगवान् बुद्धको मूर्ति चाँडै प्रहरी कार्यालयबाट छुट्नेछन् र काँक्रेविहारमा प्रतिस्थापन हुनेछन् ।'

उनले पहिले शिवा रिम्पोच्छेले पूजाआजा गरेको ठाउँमा शौचालय निर्माण भइसकेकाले अर्को ठाउँमा प्रतिस्थापन गर्न आफूहरू सहमत रहेको बताए । ११ वर्षसम्म रूखमा बाँधेर राखिएकाले बुद्धको मूर्ति जीर्ण भइसकेको छ । २० फिट अग्लो मूर्ति थाइल्यान्डबाट भारत हुँदै सुर्खेत ल्याइ पुऱ्याउँदा १५ लाख बढी खर्च भएको थियो। स्थानीयस्तरमा भएको सहमतिअनुसार हाललाई प्रहरी नियन्त्रणमा रहेको मूर्तिलाई नै काँक्रेविहारमा प्रतिस्थापन गरिनेछ । त्यसपछि नयाँ बुद्धको मूर्ति ल्याउने प्रक्रिया थालिने उनले बताए ।

डिभिजन वन अधिकृत वसन्तबाबु श्रेष्ठले धार्मिक र पुरातात्त्विक क्षेत्र भएकाले काँक्रेविहारलाई संरक्षण क्षेत्र बनाइएको बताउँदै स्थानीय समुदाय र धर्मावलम्बीको एक स्वर हुँदा काँक्रेविहारमा बुद्धको मूर्ति राख्न समस्या नहुने बताए । उनले स्थानीय समुदाय, स्थानीय सरकार सहमत भए काँक्रेविहारको पञ्चवर्षीय गुरुयोजनामा यो विषयलाई समेट्ने पनि बताए । 'अहिले काँक्रेविहार वन संरक्षण क्षेत्रको कार्ययोजना बन्दैछ, उनले भने, 'साझा धारणा बन्छ भने कार्ययोजनामा समावेश गर्न हामी तयार छौं ।'

***साभार : वर्ष १६ अंक २७२ नागरिक दैनिक***

◆

# 'बुद्धको मूल उपदेश' पुस्तक पढ्दा

✍ विष्णुगोपाल कुसी

संसारमा नाउँ चलेका मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन, माओ त्सेतुङ, किम इल सङ, हो चि मिह्न, ह्युगो चाभेज, फिडेल क्यास्ट्रोझैँ बुद्ध पनि एक हुन् । तिनीहरूले अनेक अध्ययन, अनुसन्धान र खोजनीति गरी अनुभवको आधारमा देश, काल र परिस्थितिअनुकूल दर्शन, सिद्धान्त र विचार प्रतिपादन गरे; सही दिशा रोजे; विश्वका श्रमजीवी जनताको सेवामा जुटे । बुद्धले पनि विश्वमा शान्तिको सन्देश छर्न, मानवीय सेवा गर्न बहुजनको हितमा आफ्ना महावाणी छरे । बुद्धले प्रतिपादन गरेका विचार बस्ती बस्तीमा पुऱ्याउने काम भयो । बुद्धबारे अनेक पुस्तक तथा ग्रन्थहरू प्रकाशन गरेर जनतालाई सुसूचित गर्ने काम भयो । मोतिकाजी शाक्यद्वारा लिखित 'बुद्धको मूल उपदेश' पुस्तक अर्को महत्त्वपूर्ण कृति हो । यसरी प्रचार प्रसार गरेको कारण बुद्धको विचार, वाणी या उद्देश्य विश्वभर फैलियो र विश्वव्यापी बन्यो ।

बुद्धकालीन समयमा बुद्धझैँ हुने आकाङ्क्षाले प्रेरित कति महायानी भिक्षुहरूले बुद्धद्वारा प्रतिपादित धर्म र विनयमा आफ्नो अनुकूलता हेरी संशोधन नगरेका होइनन् । उनीहरूले अनिश्वरवादी बुद्धलाई ईश्वरको एउटा नयाँ अवतारको रुपमा स्वीकार्न थाले । कोही कोही त क्षणिक भौतिक सुख भोग गर्न अनेक प्रकारका लौकिक देव देवीहरूको स्तुति गर्ने र तन्त्रमन्त्रको प्रयोग गर्न जुटे । सम्राट अशोक बुद्ध धर्मको अनुयायी बनेर आफ्ना देशका भिक्षुहरूलाई ज्ञान दिन बुद्ध धर्मबारे अध्ययन गरे । उनले विभिन्न महास्थविरलाई आफ्नो राज्य बाहिरका चतुरदिशास्थित आफ्ना मित्र राज्यहरूमा बुद्ध धर्मको प्रचार प्रसार गर्न जाने व्यवस्था मिलाए । बुद्ध धर्मको प्रचार पाकिस्तान, अफगानिस्तान, चीन, यमन, मिश्र, म्यान्मार हुँदै अन्य विभिन्न देशसम्म पुग्यो । बुद्धले स्वानुभव गरी

परिभाषित गरेका निर्वाण सुख लाभ गर्न अग्रसर हुन चाहने उपासक उपासिकाहरू तथा बुद्ध धर्मसम्बन्धी जिज्ञासा राख्ने जिज्ञासु भिक्षुहरूप्रति कृतज्ञ हुनु आवश्यक छ।

वर्तमान समयमा नयाँ नयाँ आविष्कारहरूको व्यापक प्रयोग भइरहेको कारण अहिले विनयका केही नियमहरू भिक्षुहरूबाट पालना हुन कठिन भइरहेको अनुभव गरिएको छ। यसकारण, भिक्षुहरूलाई विनयका नियमअनुसार कसरी जिउन पाउने व्यवस्था गरिदिने भन्ने ठुलो जिम्मेवारी हालका उपासक उपासिकाहरूको काँधमा आएको छ। उपासक उपासिकाहरूले महावाणीबारे अध्ययन गरेर यथार्थ कुरा जनतासमक्ष ल्याएनन् भने बुद्धको विचार खुम्चिदै जाने सम्भावना हुन्छ।

एकजना वृद्धको मुत्यु भएको देखपछि चेतनशील सिद्धार्थको मनमा चोट पुग्यो। त्यस वृद्धलाई मृत्युको पञ्जाबाट जोगाउन नसक्दा आफ्नो जीवनमा सामना गर्नुपरेको पहिलो हारले उनमा परोपकारी भावना जाग्यो। गरिबहरू एक पेटभर खान, ओत लाग्न विवश हुन्छन्। मध्यम वर्गहरू भएको सम्पत्ति नपुग्ला भनेर सकभर अरू सम्पत्ति सञ्चय गर्ने आकाङ्क्षाले लागेका हुन्छन्। धनीहरू भएको सम्पत्ति र ऐस आराम अरुले खोस्ला भन्ने डरले त्यसको जगेर्ना गर्ने तथा अझ अभिवृद्धि गर्ने चाहनामा डुबेका हुन्छन्। ऋषिमुनिहरू भन्छन्, इच्छाको वशमा परेर होइन इच्छालाई वशमा पारेर जिउनुपर्छ। ऋषिमुनिहरू ऐश आराम नखोजिकन जङ्गलको प्राकृतिक वातावरणमा मात्र रमाउँदैनन्, गाउँबस्ती पसेर ज्ञान गुणका कुरा छर्छन्। बीउ असल भएमा प्रतिफल मिठै हुन्छ। मुख्य कुरा बीउ हो। कुनै पनि कुराको राम्ररी छिनोफानो गर्नु छ भने त्यसको मूल खोल्नुपर्ने हुन्छ।

◆

## कुशल धर्म

१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु।
२) अर्काको शुभ र लाभमा हानी नगर्नु।
३) काम मिथ्यामा (व्यभिचारमा) नलाग्नु।
४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु।
५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई झूटो प्रशंसामा नलाग्नु।
६) अरुको सेवा (परोपकार) गर्नु।
७) सबैसँग मैत्रीपूर्ण व्यवहार गर्नु।
८) सारयुक्त कुराहरूमा मात्र चिन्तन-मनन गर्नु।
९) सत्य, यथार्थको खोजमा लाग्नु।
१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु यही नै कुशल धर्म हो।

*साभार : बुद्ध र उहाँको धर्म*

जीवनमा सम्यक दृष्टि, सम्यक सङ्कल्प, सम्यक वाचा, सम्यक कर्म, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधिको आवश्यकता छ । दृष्टिकोण, सङ्कल्प, प्रतिबद्धता, आफ्नो कर्म (काम) खोटो या गलत भयो भने त्यो बेकार र व्यर्थ हुन्छ । कुनै नराम्रो काम सुरु गरिसकेको भए छोड्नुपर्छ। कुनै असल काम गरिरहेको बेला सोबाहेक अन्य कुनै कुराको वास्ता नगरी सम्पूर्ण ध्यान असल कार्यमा केन्द्रित हुनुपर्छ।




बुद्धले आफ्नो अधिकांश समय कपिलवस्तुभन्दा धेरै टाढा पर्ने स्थानमा थिए । कपिलवस्तुका कति शाक्यहरू आफ्नो जातीय अहङ्कारका कारण कम सङ्ख्या मात्र स्वेच्छले बुद्धकहाँ गई भिक्षु हुने गरेको देखेपछि राजा शुद्धोदनले एक दिन शाक्य युवाहरूको सम्मेलन गरे। अनि शाक्य कुमारहरू पनि आ-आफ्ना अभिभावकको अनुमति लिएर बुद्धकहाँ गएर भिक्षु भएका थिए । बुद्धको पालामा बुद्ध धर्मको प्रचार कार्यमा अवरोध पुऱ्याउने काम परिब्राजकहरूले गरेका थिए । बुद्ध र बुद्ध धर्मको ख्याति दिनपरदिन बढ्दै गएपछि उनीहरूले बुद्ध र बुद्ध धर्ममा खास कुरा केही छैन भनी भ्रम फैलाउने काम गरे । परिब्राजकहरूले होच्याउने काम गरेपछि बुद्ध स्वयम्ले असार पूर्णिमाको दिन कार्यक्रम राखे । बुद्धको तर्कले परिब्राजकहरूको निम्ति भित्तेजवाफसरि भयो।

बुद्धले आफ्नो जीवनको अन्तिम क्षणमा सबै संस्कार धर्म अनित्य छन् भनेर आफूले जीवन भर बारम्बार सम्झाएका थिए । बुद्धले सकेसम्म यही समाजमा बसेर यही समाजका सबै प्रकारका विकृतिलाई पन्छाएर बहुसङ्ख्यक जनतालाई सबै प्रकारका विकृतिबाट बचाउने प्रयत्न गर्ने र नसके कमसेकम आफूहरू सबै प्रकारका विकृतिबाट अलग भएर अरुहरूका निम्ति उदाहरणीय काम गर्नुपर्छ भनेका थिए । पुँजीवादको विकाससँगै भइरहेको हत्या, हिंसा, बलात्कार, अपहरण, बेचबिखन, भ्रष्टाचार, अनियमितता, अराजक

गतिविधि बढिरहेको यो समयमा त समाजका असल मानिसहरू मिलेर समाजमा देखिएका विकृति र विसङ्गति अन्त्य गरेर आदर्शोन्मुख समाज स्थापना गर्नेतर्फ क्रियाशील हुनुपर्छ । बुद्धले आफ्ना गृहस्थ अनुयायीहरूलाई व्यक्तिगत स्वतन्त्रता कायम गरी सामूहिकरूपले आर्थिक र सामाजिक कार्यहरू गर्नुपर्नेमा जोड दिएको देखिन्छ । हरेक नागरिकलाई समुदायप्रति जिम्मेवार बनाउनु जरुरी छ । अतः अहिले बहुसङ्ख्यक जनतालाई आर्य अष्टाङ्गिक मार्गमा हिँडाएर हाल समाजमा बढ्दै गइरहेको विकृति अन्त्य गर्नेतर्फ सबै समुदाय लाग्नुपर्ने देखिन्छ ।

आज विश्व वर्गमा विभाजित छ । देशका सबै नागरिकले समान रूपमा पाउनुपर्ने जन्मसिद्ध अधिकार पाइरहेका छैनन् । स्वास्थ्य सेवा र शिक्षा गरिबले पाइरहेका छैनन् । एकातिर पैसा नभइकन बाँच्नै मुस्किल भइरहेको छ भने अर्कोतिर पैसाले स्वास्थ्य सेवा र शिक्षा मात्र होइन मानमर्यादा, इज्जत पनि किन्न थालेको छ । पैसा नदिइकन भोट नहाल्ने भनी अडानमा बस्ने कति नेपालीहरू छन् । कुनै व्यक्तिको विचार पनि पैसाले किन्नुपर्ने देशको स्थिति छ । देश र जनताको सेवाभन्दा पद र पैसा नै सबथोक हो भन्ने धारणा बस्दा र बसाल्दा देशको बस्ती बस्तीमा यो समस्या देखिएको हो । पद र पैसा कमाउने होडबाजीमा लागेरै देशमा आर्थिक र सामाजिक विकृति बढेको हो । राजनीतिप्रति वितृष्णा बढेको हो ।

अतः दुर्व्यसनी हुनबाट बचाउनुपर्छ । अनुचित इच्छामा एकोहोरिनु ठीक छैन । आफूलाई दास मानसिकता अन्त्य गरिनुपर्छ । अरुलाई पनि तृष्णा निरोध गर्नेतिर अग्रसर गराइनुपर्छ । सही मार्ग रोज्नुपर्छ । समुदायप्रति जिम्मवार हुनुपर्छ । हरेकले आ-आफ्नो पदको जिम्मेवारी बहन गर्नुपर्छ । पदको दुरुपयोग गरेर अकुत सम्पत्ति कमाउने बाटो छोड्नु पर्छ । २९ वर्षको उमेरसम्म ऐश्वर्ययमा जीवन बिताएका राजकुमार सिद्धार्थले किन सम्पूर्ण ऐश्वर्य परित्याग गरी बहुजनको हित गर्न लागे ? यसको मूल ध्येय प्रत्येक सचेत नागरिकले मनन गर्नुपर्छ । सिद्धार्थ सम्यक सम्बद्ध भइसकेपछि के कस्ता उपदेश या महावाणी बाँडे, सोको उच्च मूल्याङ्कन गर्नुपर्छ । यसको सही जवाफ पाउन बुद्धका सबै महावाणी अध्ययन, अनुसन्धान र खोजीनीति गरेर एउटा निष्कर्ष निकाल्नुपर्छ र जनतासम्म पुऱ्याउनुपर्छ ।

कविता

# शान्ति भूमिमा उज्यालो पारौ

रचना : न्हुछेरत्न बुद्धाचार्य
भक्तपुर १०

अँध्यारोले छोपिएको पथमा
कसरी उज्यालो पार्ने ?
स्वच्छताको अभावमा
कसरी दया करुणा जगाउने ?

यो बुद्ध भूमिमा
द्वन्दको आगो सल्किरहेका छन्
नैतिक आचरणको पतन भइरहेछ
मनको आँखा नखोलेर अज्ञानताले छोपिरहेछ

अहिंसा परमो धर्मलाई
हिंसामा बदलिएको छ
सर्बे भवन्तु सुखिन जपेर
आफ्नो स्वार्थ पुरा गर्न वकुलाभगतहरू मौका खोजिरहेका छन्

यो बन पाखा पर्वतको प्रत्येक बस्तीमा
अभिमानी अधर्मी, अज्ञानीहरूको राग, द्वेष र मोहले
चारैतिर हिंसा भड्काएर अशान्त पारे
एसियाको ज्योति । बुद्ध जन्मेको यो पुण्यभूमिमा ।

यसैले
आज हामीले विश्व शान्तिका महानायक
गौतम बुद्धका महान सन्देश
बहुजनहिताय बहुजन सुखाय
यो लाखौलाख पीडित मानवहरूको भलाई हुने उपदेश पालन गरी

असन्तोष अराजकता हिँसालाई त्यागेर सन्तोषी सदाचारी सयमित बनेर
यो शान्ति भूमिमा अँध्यारो पथलाई
पञ्चशीलको ज्ञानको ज्योति प्रज्वलित गरी उज्यालो पारेर अघि बढौ ।

कथा

# अथे हे ख: संसार

✍ चन्द्रबहादुर उलक

थौं ध्य चाकु संक्रान्ति। ख्वपया थथु बहि पिने दिपंकर बुद्ध पिन्ता हामो जा नकिगु (सम्यक महादान) याइगु न्हि। ख्वपया हिन्दू व बौद्ध समुदाय पिसं दिपंकर बुद्धया दर्शन याङ भिक्षु गणपिन्ता दान याइगु पर्ब म्हौंरि हाँय्‌पु। चञ्चला अजि व मिश्री अजिपुं नं सम्यक महा दान याय्‌ धुंक सुख दु:खया खाँ ल्हाल्हाँ छेँ ल्यहाँ वयो च्वन।

उखुन्हु स्वांयापुन्हि खुनु उपासिका ज्ञानमायाचां गुलि ध्वाथुइक बुद्धया उपदेश कांगु ल्हा ? स्वय्‌बेले खाँ हे ल्हाय्‌ मसम्हा मिसाचा थें च्वं, खाँयां मुस्या मूथे मुइकय्‌ फम्हा जुयो च्वनाक। चञ्चला अजिं पुलांगु खाँ लुमांक हल

- ख:ऽ बांला। विहारे वङ सय्‌क थुइक च्वंगु नं यक्व हे दत निऽ। मिश्री अजिं भ्‌यातु पह:लं थ:गु बिच प्वंकल।

- ब्यह सिधम्हा ख:ला थें। थ: छेँ गना वाय्‌गु ? चञ्चला अजिं न्यन

- जिमि किसं क्वारचाय्‌ कान्छी भौयां ख:नि भ्रौख्यलय याम्हा मस्याला ? मिश्री अजिं लिस: बिल

- यऽऽ। सिल, सिल। किसं क्वार अराया भौ जुयो च्वनाक अय्‌सा। भौमचा छम्हायां सेल्लाम्हा हे लाकला क। बाँ हे लातक।

- ख्व बाँलाङां छुयाय्‌ बानिचा बाँमलाम्हा जुयो च्वनाक। सफा सुधार धायगु दम्हा मखु। सम्हा स्यूम्हा धायां छुयाय्‌ बोलि स्या चुपिचा। अदप धाय्‌गु भतिचा हे द:म्हा मखु। बुद्ध वचन बाँलाक कानय्‌ सयां छुयाय्‌ कर्पिन्ता ज्ञान बिय सथें थ:म्हं थुइक तयागु ज्ञान ब्यवहारे छ्यूलय मसम्हा जुयो च्वनाक चञ्चला !

- छाय्‌ छु जुला ?

- छैं न्हयाबले ख्व हासा थें । गवलें ख्व चमकां । छैं जः पिंता नुवाइगु मखु ।
सुं म्वम्हा मिसा । सुं मनू छम्हा छैं वःसा भ्रासँ ! दिसँ ! धाय् मसम्हा । व मिसा चाय्‌गु व्यवहारं याङ किसक्वार चाय्‌गु छैं वानेगु हे त्वतय् धुन । किस क्वारचाता किजापुजा याङ च्वङाम्हा जि । अयां किजापुजा नं यो मवानय् धुन । छाय्‌धसा भौमच्चाय् मम्रु थे च्वं, चञ्चलाचा !

- मखु^S , किस क्वार अराता छाय् किजापुजा याङागु लय् ?

- जि दाजु किजा मरू । अथे जुयो फुकि किजा जूसां किजापुजा याक तगु क.... अमापिसं ।

- य^SSS । भतम्हा सिनं छुं मधला ? चञ्चलां न्यन

- भतजुम्हा नं मिसाया बानि छुं मस्यूम्हा जुला, मिसाता जक मामं ब्व ब्यूगु खां म्हा । मिसाया म्हुतु स्या चुपिचा थें ज्वगु मस्यूम्हा । मिसां मभिंगु व्यवहार गबलें मया धाइम्हा । बरु अमा अब्बा पिसं जक न्हयावलें वाय् मिसाता बाँमलागु व्यवहार याता जक ल्ववइम्हा । छु खाँय् न्वाता मिसाया दों छु धाय्‌गु हे मस्वइहा । मिसा च्यो छुयाय् ....... । भतम्हा सिनं जक न्वाङ ब्यूगु जुसा ज्ञानमाया चाय्‌गु बानि मस्यनिगु क^व । बुरापुँ मां-ब्बा ता म्हारे पीर थौ कन्हे । उपासिका जुयो धर्म प्रचार याङ जुयां छुयाय् जितायां न्हय्‌पं कुंचाय तक हे दुहँ मवां वाय्‌गु खाँ । मिश्रि अजिं तं प्वंकल ,

- य^क्व । भगवान बुद्धया ज्ञान काने सथें थम्हं व्यवहारे छयलय् ससा गुलि बांलाइगु ल्हा ? खाँ सथें ज्या मस धाइगु थ्व हे जुयो च्वनाक । अथे हे खः संसार ! मखु^व मां ब्बाता अपहेलना याक भतम्हा मिसा पाखे छाय् ल्यूगु ? चञ्चला अजिं अजुगति चायो न्हयसः यात

- क छं मस्याला ? मिसाया ग्वहालिं हे थाहां वःम्हा जुला । अमि तःधांम्हा मनू छम्हा दःथे जागीर नं नकगु जुया च्वना क । छुयाय् मां ब्बा गरिब । न्हापा नय्‌ता हे धौ धौ । सुथाय् नसा बन्हि छु नय्, बन्हि नसा सुथाय् छु नय्, धाय् मगु अबस्था । अ सकाय् भतीचा............ । भतम्हा सिता आख ब्वनेता नं यक्व हे ग्वहालि याम्हा हँ । मिश्री अजिं खाँ कान

- य^SS । अथे जुगुलिं क व्यवहार पागु । उकिं हेःक हवी फुँइ याय् फःगु !^SS अथे खःसां अदप धाय्‌गु दय्‌कय् म खःला ? चञ्चला अजिं थःगु बिच प्वंकल

- नु ! नु ! लिवात भिंपु व मभिपुँ मनुत समाजय् दैगु जुयो च्वनाक मिश्री अजिया छैं थ्येंकय् हथाय् चाल । नेम्हां थः थगु छैं पाखे स्वयो वान.......

कविता

# वाक्क वल मनूत खना:

अनगारिका माधवी

वाक्क वल मनूत खना: ।
दुर्गन्ध खना घृणीत ज्वीथें ।
छु जूगु ध्व मनूते हृदयले ।
छल कपट जक भेब्यू वल ॥

काल गतिं जक थथे जूगुला ।
मनु छु जुया मभिं जुल ?
तैइगु छेरकी मनूनं मनूयात ।
स्वये हे थाकुल मनूया जाल ॥

वाक्क वल मनूत खना: ।
पशुत स्वयां गुण तना: वल ।
उत्तम ख: सर्वश्रेष्ठ मनू ।
तर ज्या मजुल श्रेष्ठ थन ॥

कलियुग वया जकं ख:ला ।
थथे जू वोगु ख:ला थन ।
हावा पानी मभिंना जकं ।
मनू मभिना वल अति हे थन ॥

छाय ? जा:गु ज्वी छल कपट ।
घंपे ल: जा:थें बिंलि बिलिं ।
लय्ता वो व मभिंगु मन ।
मेपिन्त हानि याय् दयेवं ॥

उकिं ज्वी अंगुलीमालं ।
पशुतेत जक प्यार या:गु ।
मदु पशुतेके छलकपट ।
छेकवार नं इमिसं तये मस: ॥

च्वे लागु गुणंतनं दु पशुयाके ।
पशु याकेनं छुं विशेष गुण दु ।
बुद्धयात नापं नतिजा क्यना तल ।
साचाया थें बांलागु मिखा धका ॥

सनि धनी गाथाया दुने ।
निगू उपमा बिया तल ।
छातिजा सिंह थें बुद्धया ।
सूरवीर नं क्यना तल ॥

गथे ख: उत्तम जीवन धा:गु ।
था: गा:नं कायेत थाकुया वल ।
जाल भेल अपो मनूया विचे ।
उकिं मनूया दर्जा क्वहां वना वल ॥

उत्तम मनू ज्वी योसा ।
जाल भेल छलकपट तोति ।
वां छ्वये मा वागमती वना: ।
च्वीइके माल समुद्रया लखं ॥

पापि मनूत दया वल ।
पृथ्वी माताया कोवी थाकुल ।
धर्म चित्त दुपिं मनूत ।
माले हे थाकुल ध्व संसारे ।

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)

म बुद्धको शरणमा जान्छु,

म धर्मको शरणमा जान्छु,

म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,

दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,

दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,

तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,

तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।

म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।

म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।

यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।

म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०




**Facilities:**

- Well Equipped Computer Lab
- Library Facility
- Science / Math Laboratory
- Auditorium
- Audio - Visual Room
- Playground
- School under CCTV surveilliance

# GANESH SECONDARY SCHOOL

Bharwacho, Bhaktapur-1

01-6615912

आदर्श आजाद माध्यमिक विद्यालय

Adarsha Azad Secondary School

आदर्श आजाद कलेज

Adarsha Azad College

Running Programs:

XI
- Law
- Management
- Hotel Management
- Education
- Humanities

BEd

Math, English, Nepali, Population & Health

BBS

adarshaazad2016@gmail.com www.adarshaazad.edu.np

a2hss.college@gmail.com www.adarshaazad.edu.np